Jana Aakash
National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३४, २०७८ साल चैत्र १५ गते मंगलबार (Mar 29, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


## उठ्न नसकेको देश चलिरहेका चुनाव कस्का लागि ?

**मोहन कार्की**

नेपालमा दोस्रोपटक स्थानीय निर्वाचनको मिति तोकिसकियको छ । वैशाख ३० गतेको लागि राजनीतिक दलका नेता,कार्यकर्ता चुनावको लागि प्रतिस्पर्धा गर्न चलबलाई राखेका छन् । गाउँ देखि शहरसम्म स्थानीय निर्वाचनको चहल पहल बढेको छ । ठुला पार्टी भनिएका नेकपा (एमाले) नेपाली काँग्रेस पार्टीका नेता कार्यकर्ता त चुनावमा उठ्नको लगि पार्टीका टिकट लिनलाई न्वारन देखिको बल लगाएर माथिल्लो समितिहरुमा रस्साकस्सी गरिरहेका छन् ।

यस्तो चलन यो २०७८ सालमा मात्र भएको होइन । विगतमा संघियता लागु नहुदै पनि चुनावको वेला यस्तै चलखेल चहल पहल हुने गरेकै थियो । ति चुनावहरुले व्यात्तिलाई भोट हालेर जिताउथे र जनताले त्यो जितेको व्याक्ति अर्थात जनप्रतिनिधिलाई मान्नु पऱ्यो जनप्रतिनिधिलाई कानुनले अधिकारहरु पनि दिएको हुन्थ्यो तर जनताले जनताकै लागि चुनेर पठाएका नेताहरुले देशको हितमा जनतावाट चुनिएका जनप्रतिनिधिहरुले अपवादमा वाहेक अहिलेसम्म गणनायोग्य कामहरु गरेको देखिदैन ।

देश जस्ताको तस्तै झनै परनिर्भर




हुदै गएको गाउँघरहरुमा युवापुस्ता पलायन हुदै गएका छन् ।

चुनाव जितेर जनप्रतिनिधि बनेकाहरुको जीवनस्तर भने परिवर्तन भएको छ । देश र जनताको अवस्था भने झनै विग्रदो देखिन्छ । यही चलन चलिरहेकै समयमा हुन लागेको स्थानीय निर्वाचनले कस्तो परिणाम ल्याउला भनेर सर्वसाधरणले चिया पसल देखि लिएर कुना कन्दरामा समेत कुरा गरिहेका देखिन्छन् । जनताले जहिले पनि चुनाव ताका केही परिवर्तन होलाकी भनेर सोच्ने गर्ने गरेका छन् । छलफल चलाउने गरेका छन् । तर अन्तमा उहि पुरानै पार्टी एमाले, काँग्रेस, राप्रपा, पछि थपियको नेकपा(माओवादी केन्द्र) तराइमा केन्द्रीत संघिय समाजवादी पार्टीमा रहेका नेता कार्यकर्ता पुरानै अनुहारका र पुरानै तरिकावाट निर्वाचनमा भाग लिने, नाम दर्ता गर्ने जनतालाई क्षणिकको झुट्ठा आश्वसन देखाएर चुनाव जित्ने तर माखो केही नमार्ने नेताहरुको नै वाहुल्यता देखिएको छ । तिनै अनुहारहरु २०७९ मा हुन लागेको स्थानीय निर्वाचनमा तयारी गरिरहेको देखिन्छ ।

जुन पार्टीका त्यही नेताहरु विगतमा असफल भइसकेका छन् । तिनिहरु नै चुनावको लागि तयारीमा देखिदा देशले विगतमा जसरी देशको अहितमा काम हुने जनताको पक्षमा कहिल्यै काम नहुने गरेको थियो आउदै गरेको २०७९ को निर्वाचनले पनि त्यस्तै पुनःराबृति दोहोऱ्याउने निश्चित जस्तै देखिन्छ ।

त्यसकारण चुनावहरु कस्का लागि हुदैछन् ? किन हुदैछन् ? यसको महत्व केहो ? यसलाई सही सदुपयोग गर्ने तरिका के हुन् ? देशको कानुनले निंदिष्ट गर्‍का कानुनलाई कार्यन्वयनमा ल्याउन जनताले के


बाँकी ६ पृष्ठमा


## प्रधानमन्त्री देउवा चैत्र १८ गते भारत जाने

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा तीन दिने भारत भ्रमणमा जाने हुनुभएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा यही चैत १८ गते प्रधानमन्त्री देउवा भारत भ्रमणमा जान लाग्नुभएको हो । भ्रमण टोलीमा देउवा पत्नी आरजु राणा देउवासहित परराष्ट्रमन्त्री नारायण खड्कालगायत



मन्त्रीहरु, सचिवहरु तथा पदाधिकारीहरु रहनुहुनेछ । भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले भारतका उपराष्ट्रपति बैंकैया नायड्सँग शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम छ । परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार चैत १९ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग हैदरावाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय वार्ता हुनेछ । साथै, भारतीय प्रधानमन्त्री मोदीले प्रधानमन्त्री देउवासहितको प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्नुहुनेछ ।

त्यसैगरी, प्रधानमन्त्री देउवासँग भारतीय विदेशमन्त्री तथा भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकारले भेटवार्ता गर्ने मन्त्रालयले जनाएको छ ।

त्यस्तै, प्रधानमन्त्री देउवाले भारत भ्रमणको अवसरमा नयाँ दिल्लीमा व्यापारीको भेलालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । प्रधानमन्त्री चैत २० गते काठमाडौं फर्कनुअघि वाराणसीको पनि भ्रमण गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

## कुन जिल्लामा कति दलले चुनावमा भाग लिदै ?

काठमाडौं । आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा काठमाडौं जिल्लाबाट ४० दलले भाग दिने भएका छन् । सोमबार आयोगले




आयोजना गरेको नियमित पत्रकार सम्मेलन प्रवक्ता शालिग्राम शर्मा पौडेलले काठमाडौंमा राष्ट्रिय दल बाहेक ४० दलले निर्वाचनमा भाग लिने जानकारी दिनुभयो । राष्ट्रिय छ दलसहित काठमाडौंमा ४६ दलले निर्वाचनमा भाग लिने भएका हुन् ।

यसैगरी, सबैभन्दा कम दल मनाङ र मुस्ताङमा रहेका छन् । प्रवक्ता पौडेलका अनुसार मनाङ र मुस्ताङमा राष्ट्रिय दलबाहेक पाँच/पाँच दल स्थानीय निर्वाचनका लागि दर्ता भएका छन् ।

आयोगले राष्ट्रिय दलबाहेक ७३ वटा दल निर्वाचन आयोगमा दर्ता भएको जनाएको छ । तीमध्ये ताप्लेजुङमा नौ, पाँचथरमा आठ, इलाममा ११, सङ्खुवासभामा ११ तेह्रथुममा नौ, धनकुटा १२, भोजपुर १०


बाँकी ६ पृष्ठमा


## विप्लवको पार्टी स्थानीय तह निर्वाचनमा सहभागी नहुने

काठमाडौं । आगामी स्थानीय तह निर्वाचनमा सहभागी नहुने निर्णय गर्दै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको



नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय समिति बैठक सकिएको छ ।

चैत ४ गतेबाट कपिलवस्तुको शिवगढीमा सुरु भएको सो पार्टीको बैठक १० दिन बसेर सोमबार सकिएको हो । महाधिवेशन, एमसीसी र निर्वाचनको विषयमा छलफल र निर्णय भएको नेता धर्मेन्द्र बास्तोलाले जानकारी दिनुभयो ।


महाधिवेशनबारे मंसिर पुसमा गर्नेगरी पछि निर्णय गर्ने, एमसीसी विरुद्ध आन्दोलन गर्ने र स्थानीय तह निर्वाचनमा भाग नलिने निर्णय भएको उहाँको भनाइ छ ।

यद्यपि संस्थागत रुपमा पार्टी निर्वाचनमा नगए पनि व्यक्तिगत रूपमा जनपक्षीय उम्मेदवारलाई सघाउन सक्ने निर्णय गरेको सो पार्टीले जनाएको छ ।

बैठकमा महासचिव चन्दले पेश गरेको राजनीतिक प्रतिवेदन संशोधन गर्दै पारित भएको छ । चन्दले निर्वाचनमा सहभागी हुनुपर्ने प्रस्ताव गर्नुभएको थियो । उहाँको प्रस्तावप्रति केन्द्रीय समिति


बाँकी ६ पृष्ठमा





'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# स्थानीय निर्वाचन मितव्यायी होस्

विश्वमा असल साशनको लागि असल नेतृत्व छान्ने परिपाटी नै निर्वाचन हो । त्यो तरिका नेपालले पनि अपनाउदै आएको छ । तर नेपालले प्रजातान्त्रिक अभ्यास गरेको ७२ वर्षसम्म पनि असल शासनको जग बसाउन सकेको छैन ।

गुण र दोष जस-जसलाई लगाए पनि यसको मुख्य मेरुदण्ड भनेकै राजनीतिक पार्टीहरु हुन् । उनिहरुले जस्तो खालको योजना बनाएर काम गर्छन त्यस्तै खालको अवस्था देशमा सृर्जना हुन्छ ।

नेपालका राजनीतिक पार्टीहरुले विगतका चुनावको वेला गरेको अपारदर्शी खर्च र तरिकाले नेपाली जनतामा त्यस्तै खालको लत बसेको छ ।

त्यसैगरी राजनीतिका पार्टीहरुले पनि निर्वाचन भनेको यस्तै हो । निर्वाचनको वेला प्रत्यक्ष नस्वीकार पनि अप्रत्यक्ष जसरी हुन्छ चुनाव जित्न जुनसुकै कार्य गर्नुपर्छ भन्ने तरिकाले काम गर्दै आएका छन्। यिनै पार्टीहरुको कारणले नेपालको निर्वाचन महगौ खर्चिलो हुदै आएको छ । त्यसकारण भडकिलो, अपारदशी ढंगवाट चुनाव हुदै आएको छ ।

हुन त निर्वाचन आयोगले चुनालाई मितब्ययी बनाउन खर्च गर्ने मापदण्ड तोकिदिएको छ । त्यो मापदण्ड सरकारमा रहेका वा प्रतिपक्षमा रहेका विगत देखि अहिलेसम्म साशनसत्ता हातमा लिएर वसेकाहरुले निर्वाचन आयोगले बनाएको मापदण्ड पालन गरेका छैनन् ।

लाखौ, करोडौं खर्च गरेर भोज भतेर र मतदातालाई प्रभावित पार्ने जस्ता अवैध कार्यहरु विगतदेखि अहिलेसम्म चलिरहेका छन् । यस्ता कार्यहरु विगतदेखिनै हुदै आएका र आउदो चुनावमा पनि त्यस्तै वातावरण बन्दै गएको हुनाले निर्वाचन आयोगले बनाएका ति मापदण्ड केवल मापदण्ड मात्र हुने देखिन्छन् ।

त्यैले सम्वन्धित निकायले समयमा नै ध्यान दिएर यो २०७८ को स्थानीय निर्वाचनमा कडाईका साथ मितब्यायी सहितको निर्वाचन गराउन अभ्यस गराउन प्रयास गर्नुपर्छ ।

यो अभ्यासले आउदा निर्वाचनहरुमा आर्दशवादी नेतृत्व समाजले, देशले पाउछ र नेपाल देशको विकासमा टेवा पुग्छ यस्तो महत्वपुर्ण समाज परिवर्तन गर्ने महान कार्य निर्वाचन आयोगले यसै पटकको निर्वाचनमा अभ्यास गराउनै पर्छ ।

यस्तो अभ्यास यसै निर्वाचन को वेला गराउन सक्यो भने आउँदा चुनाव मितब्यायी हुन्छन् । शुरुवात नगरी कुनै पनि कामको विकास हुदैन । शुरुवात नै महत्वपूर्ण काम हो । त्यसैले २०७८ को चुवालाई मितब्यायी बनाउन राजनीतिक पार्टी, सम्वन्धित निकायका सवैले इमाद्यारिताका साथ मितब्यायी निर्वाचन गराउनु पर्छ ।

# चिनियाँ भ्रमण, शङ्का र सन्देश

डा. राजेन्द्र चापागाई

नेपालका राजा महेन्द्रदेखि वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीसम्म २४ पटक चीनमा उच्चस्तरीय भ्रमण भएका छन् भने चीनका चाउएनलाइदेखि वर्तमान राष्ट्रपति सी जिनफिङसम्म नेपालमा चीनको आठ पटक राष्ट्रप्रमुख स्तरीय भ्रमण भएका छन् । चीनका विदेशमन्त्री वाङ यीको १९ सदस्यीय प्रतिनिधिमण्डलसहित यही चैत ११ देखि १३ गतेसम्म तीन दिने नेपालको औपचारिक भ्रमण भएको छ । चिनियाँ टोली यसअघि अनौपचारिक रूपमा पटकपटक नेपाल आएका भए पनि कोभिड महामारीले विश्व आक्रान्त भएपछि चीनबाट यो स्तरको उच्च भ्रमण भएको थिएन । त्यसो त नेपालका परराष्ट्रमन्त्रीले गत कात्तिकमा नै चीनका विदेश मन्त्रीलाई औपचारिक निमन्त्रणा दिएको भए पनि चिनियाँ विदेशमन्त्री वाङ यीको नेपाल भ्रमण अहिले अप्रत्यासित रूपमा भएको छ ।

अमेरिकी सरकारद्वारा अनुदान स्वरूप प्राप्त एमसीसी परियोजना विकास परियोजना मात्र नभएर राजनीतिक मुद्दा बनाई केही राजनीतिक पार्टीद्वारा पटकपटक गिजोलियो । अमेरिकाका सहायक विदेशमन्त्री र चीनका विदेश मन्त्रीसमेत एमसीसीका बारेमा 'भर्बल वार' मा उत्रिएका थिए । एमसीसी परियोजना नेपालले कार्यान्वयन नगरोस् भन्ने चीनको चाहना थियो । सो प्रयोजनका लागि चिनियाँ टोली पटक-पटक नेपाल आएको थियो । नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीको दौडधुप पनि उत्तिकै थियो भने नेपालका केही उच्चस्तरीय नेताले एमसीसी जस्ताको त्यस्तै संसद्बाट अनुमोदन नहुने आश्वासनसमेत दिएका थिए ।

श्रीलङ्कामा एमसीसी परियोजना कार्यान्वयन हुन नसकेर फिर्ता फिर्ता भएको थियो । नेपालबाट पनि एमसीसी फिर्ता लिनुपऱ्यो भने दक्षिण एसियामा अमेरिकी प्रभाव घटेको र चिनियाँ प्रभाव बढेको सन्देश अन्तर्राष्ट्रिय जगत्मा जाने महसुस गरी अमेरिकाले नेपाललाई दबाब दिँदै आएको थियो । व्याख्यात्मक घोषणासहित एमसीसी परियोजना नेपालको संसद्बाट अनुमोदन गरिएपछि चीन झस्कियो । आफ्नो कूटनीतिक कमजोरी भएको महसुस गरी नेपालमा आफ्नो बलियो उपस्थिति देखाउन पनि चिनियाँ विदेशमन्त्री वाङको नेपाल भ्रमण भएको हुन सक्छ ।

एमसीसी परियोजना नेपालको संसद्बाट अनुमोदन गरिएपछिको यो चिनियाँ भ्रमणलाई नेपालमा विभिन्न किसिमले अर्थ्याइएको छ । चीनको चाहनाविपरीत एमसीसी परियोजना संसद्बाट अनुमोदन गरिएकाले नेपाल-चीन सम्बन्ध चिसिन थालेको अनुमान गरिएको थियो । कतै प्राचीन कालबाट स्वतन्त्र र सार्वभौम रहेको देश नेपाल भूराजनीतिक दलदलमा फस्ने त होइन भन्ने शङ्का पनि गरिएको थियो । त्यो शङ्काको बादल अझै पनि नेपाली आकाशमा मडारिन छोडेको छैन । एमसीसी संसद्बाट अनुमोदन भएको एक महिना नबित्दै भएको यो भ्रमणले कतै असन्तुष्टिको आक्रोश पोख्ने र नेपालको असंलग्नताको विदेश नीति नै डगमगाउने त होइन भन्ने संशय पनि व्याप्त थियो । ती शङ्काउपशङ्का व्यर्थ साबित भए । केही महत्वपूर्ण समझदारी/सम्झौता भए र सम्बन्ध हिजोजस्तै समधुर रहेको आभास भएको छ । यसलाई नेपाल-चीन सम्बन्धमा नयाँ कोसेढुङ्गाका रूपमा लिइएको छ ।

चीनका विदेशमन्त्री वाङ र नेपालका परराष्ट्रमन्त्री नारायण खड्कासहितको दुई देशका प्रतिनिधिमण्डलबीच नौवटा समझदारी-पत्रमा हस्ताक्षर भएको छ । चीनले सीमापार अन्तरदेशीय रेलवे निर्माणको विस्तृत सम्भाव्यता अध्ययनका लागि प्राविधिक सहयोग गर्ने भएको छ । हुन त यो सम्भाव्यता अध्ययन गर्ने समझदारी चिनियाँ राष्ट्रपति सीको सन् २०१९ मा नेपालमा गरिएको औपचारिक भ्रमणका बेला तीन वर्षभित्रै सक्ने भनिएको थियो तर कोभिड महामारीका कारण हुन सकेको थिएन ।

अहिले चीनले प्राविधिक सहयोग गर्ने गरी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । ल्हासा- काठमाडौं रेलवेबाट जोड्ने महत्वाकाङ्क्षी कन्सेप्ट सन् १९७३ मा नै चीनका तत्कालीन राष्ट्रपति माओ छेदुङ् र नेपालका राजा वीरेन्द्रबीचको भेटघाटमा बनेको थियो । २०७५ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका बेला फेरि यो सपना व्युँताइएको थियो । सीमापार रेलवे नेपालका लागि अति महत्वपूर्ण र आवश्यकता हो । ट्रान्स हिमालयन रेलवे निर्माण विकसित देश चीनबाट अनुदानस्वरूप प्राप्त हुनुपर्नेमा हाम्रो जोड थियो ।

भूजटिलताका कारण यो अत्यधिक खर्चिलो अन्तरदेशीय कनेक्टिभिटी नेपालले ऋणका रूपमा अघि बढाउँदा देश ऋणको पासोमा पर्ने खतरा रहन्छ । नेपालले त्यति ठूलो ऋण धान्न सक्दैन । सोही अनुरोधसहित नेपाल सरकारले चीनसँग प्रस्ताव गरेको भन्ने कुरा सराहनीय छ । त्यस्तै नेपाल(चीन पावर ग्रिड इन्टर कनेक्सन सम्भाव्यता अध्ययन, अरनिको राजमार्ग मर्मत सम्भारसम्बन्धी दीर्घकालीन परियोजना, नेपालबाट चीनमा घाँस निर्यातसम्बन्धी सम्झौता, नेपालमा उत्पादित सामग्रीमा शुल्कमुक्त कारोबारको विनिमय पत्र, कोभिड नियन्त्रणका लागि चीन सहायताअन्तर्गत नेपाललाई खोप आपूर्ति र स्वीकृति प्रमाणपत्र सम्बन्धी सम्झौता, नेपालमा चिनियाँ स्वास्थ्यकर्मीले सेवा दिन सक्नेसम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी सम्झौता आदि विषयमा चीन र नेपालका सम्बन्धित निकायका अधिकारीको हस्ताक्षर हुनु विदेशमन्त्री वाङ भ्रमणको उपलब्धिका रूपमा लिनुपर्छ ।

'बेल्ट एन्ड रोड इनिसियटिभ ( बीआरआई) चीन सरकारले प्रस्तुत गरेको महत्वाकाङ्क्षी विकास रणनीति हो । सन् २०१७ मा नेपालले बीआरआईमा हस्ताक्षर गरे पनि पाँच वर्षसम्म सो परियोजना अन्तर्गतका कार्यक्रम छनोट हुन सकेका छैनन् । छनोट गर्न'भन्दा पहिला परियोजना कार्यान्वयनको मोडालिटीमा स्पष्ट हुनुपर्ने सरकारको धारणा वाञ्छनीय भए पनि यो स्पष्टताका लागि सरकारी अग्रसरता आवश्यक छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका बेला २०७२ चैतमा चीनसँग पारवहन सम्झौता भएको थियो । पारवहन सम्झौता गरेर ठूलो उपलब्धि हासिल गरेको भनिए पनि छ वर्षसम्म पनि कार्यान्वयनमा लैजान सरकारी तयारी नदेखिएकाले यो भारतलाई देखाउने राजनीतिक प्रचार मात्र हो कि भन्ने शङ्का निवारण गर्न आवश्यक छ । पारवहन सम्झौता भनेको नेपालले चीन हुँदै तेस्रो मुलुकसँग सामान आयात निर्यात गर्न सामुद्रिक किनारसम्म पहुँच पाउनु हो ।

नेपाल भूपरिवेष्टित मुलुक भएकाले भारतको कोलकत्ता बन्दरगाहको बन्दी नबनी तेस्रो मुलुकसँगको वैदेशिक व्यापारमा भारतीय परनिर्भरता कम गर्न उत्तरी छिमेकी चीनसँग पारवहन सम्झौता गरेको यतिका वर्ष बित्दा पनि कार्यान्वयनमा आउन सकेको छैन । यसबारेमा यस पटकको द्विपक्षीय भेटवार्तामा यसबारे खासै चर्चा भएको पाइएन । चीनसँग पारवहन सम्झौता र यातायात तथा पारवहन प्रोटोकलमा हस्ताक्षर गरे पनि सुविधा लिन नसक्नु सरकारको कमजोरी हो । त्यसैले अब यसलाई कार्यान्वयन फेजमा पु(याउन आवश्यक छ । 'सम्झौता गरेर मात्र पुग्दैन तर प्रयोगमा ल्याउन तुरुन्त तयारी गर्न'पर्छ । चीनको नेपालसँगको व्यापार चीनका लागि नगन्य भएकाले प्राथमिकता नदिएको हुन सक्छ । चीनसँगका प्रमुख दुई नाका तातोपानी र रसुवागढी नाकाबाट पूर्ण क्षमतामा नियमित सामान ल्याउन कठिन भएको छ । चीनका नाका निर्बाध सञ्चालन भएर यातायात सञ्जाल नजोडिँदासम्म नेपालले फाइदा लिन सक्दैन ।

चीनसँग भएको १७ बुँदे प्रोटोकलमा नेपाल र चीनबीच छ नाकाबाट व्यापार हुने उल्लेख गरिएको छ । तातोपानी, केरुङ, किमाथाङ्का, कोराला, यारी र ओलाङचुङगोला नाका प्रयोगमा ल्याउने सहमति भए पनि कार्यान्वयनमा आएको छैन । सञ्चालनमा रहेका तातोपानी र केरुङ नाका पनि पूर्ण क्षमतामा प्रयोग हुन सकेका छैनन् । ओलाङगुङगोला, किमाथाङ्का र कोरालाचाहिँ औपचारिक रूपमै खुलेका छैनन् । यस बारेमा नेपालले चीन सकारात्मक छ भनेर औपचारिकता मात्र पूरा गरेर बस्नु हुँदैन ।

चीनका विदेशमन्त्रीसहितको अहिलेको अप्रत्यासित भ्रमणले जति धेरै शङ्का सिर्जना गरेको थियो तर शङ्का गरिएजस्तो भ्रमणले चीन(नेपाल सम्बन्धमा सकारात्मक सन्देश दिएको छ । एमसीसी परियोजना आईपीएसको अङ्ग भन्दै अमेरिकी अधिकारीले आफ्ना मन्तव्यमार्फत चीनलाई पटक पटक तर्साएकाले पनि चीनको विशेषतः तिब्बतको सुरक्षाका बारेमा चासो देखाउनु चीनको स्वाभाविक जिज्ञासा हो ।

नेपाल सरकारले एमसीसी परियोजना विकास परियोजनाका रूपमा कार्यान्वयन गराएर एक स्वाधीन राष्ट्रको तागत देखाउनुपर्छ । एमसीसीले नेपालको आन्तरिक राजनीतितिर दृष्टि लगाएन र चीनको तिब्बत चियाउने काम पनि गरेन भने त्यो नेपालका लागि हितकर हुनेछ । सम्झौतामा उल्लिखित विकासका काम गरेर एमसीसी सकुशल फिर्ता जान सक्यो भने नेपालले फेरि पनि एमसीसीजस्ता अनुदानका परियोजना माग गर्न सक्छ । एमसीसी अनुदान परियोजनामार्फत अमेरिकाको नेपालमा बलियो उपस्थिति भएको चीनले महसुस गरेको हो भने चीनले पनि योभन्दा ठूलो रकमको परियोजना बीआरआईमार्फत अनुदानस्वरूप नेपाललाई दिएर आफ्नो पनि उपस्थिति जनाउन सक्छ । चीन र भारतजस्ता विकसित र विशाल राष्ट्रको भूसिमानामा रहेको नेपालले कूटनीतिक चातुर्यका साथ चीन, भारत र अमेरिका अनि पश्चिमा देशलाई समेत नेपाललाई विकास अनुदान दिने प्रतिस्पर्धामा ल्याउन सक्यो भने एक दशकमा मुलुकको मुहार फेर्न सक्छ । गोरखापत्र

एमसीसी परियोजना नेपालको संसद्बाट अनुमोदन गरिएपछिको यो चिनियाँ भ्रमणलाई नेपालमा विभिन्न किसिमले अर्थ्याइएको छ । चीनको चाहनाविपरीत एमसीसी परियोजना संसद्बाट अनुमोदन गरिएकाले नेपाल-चीन सम्बन्ध चिसिन थालेको अनुमान गरिएको थियो । कतै प्राचीन कालबाट स्वतन्त्र र सार्वभौम रहेको देश नेपाल भूराजनीतिक दलदलमा फस्ने त होइन भन्ने शङ्का पनि गरिएको थियो । त्यो शङ्काको बादल अझै पनि नेपाली आकाशमा मडारिन छोडेको छैन । एमसीसी संसद्बाट अनुमोदन भएको एक महिना नबित्दै भएको यो भ्रमणले कतै असन्तुष्टिको आक्रोश पोख्ने र नेपालको असंलग्नताको विदेश नीति नै डगमगाउने त होइन भन्ने संशय पनि व्याप्त थियो । ती शङ्काउपशङ्का व्यर्थ साबित भए । केही महत्वपूर्ण समझदारी/सम्झौता भए र सम्बन्ध हिजोजस्तै समधुर रहेको आभास भएको छ । यसलाई नेपाल-चीन सम्बन्धमा नयाँ कोसेढुङ्गाका रूपमा लिइएको छ । चीनका विदेशमन्त्री वाङ र नेपालका परराष्ट्रमन्त्री नारायण खड्कासहितको दुई देशका प्रतिनिधिमण्डलबीच नौवटा समझदारी-पत्रमा हस्ताक्षर भएको छ । चीनले सीमापार अन्तरदेशीय रेलवे निर्माणको विस्तृत सम्भाव्यता अध्ययनका लागि प्राविधिक सहयोग गर्ने भएको छ । हुन त यो सम्भाव्यता अध्ययन गर्ने समझदारी चिनियाँ राष्ट्रपति सीको सन् २०१९ मा नेपालमा गरिएको औपचारिक भ्रमणका बेला तीन वर्षभित्रै सक्ने भनिएको थियो तर कोभिड महामारीका कारण हुन सकेको थिएन ।

# चीनमा श्रेष्ठ र अष्ट्रेलियामा माधवका बहिनीज्वाइँ राजदूत बनाउन प्रस्ताव

काठमाडौं । माओवादी केन्द्रले चीनका लागि नेपाली राजदूतमा शिक्षक विष्णुपुकार श्रेष्ठ र नेकपा (एकीकृत समाजवादी)ले अष्ट्रेलियाको राजदूतमा पूर्वसह(सचिव कैलाश पोखरेललाई प्रस्ताव गरेको छ ।

श्रेष्ठ शिक्षण पेशाबाट राजनीतिमा छिरेका कुटनैतिक अनुभव नभएका नेता हुन् । पोखरेल नेकपा (एस)का अध्यक्ष माधवकुमार नेपालका बहिनी ज्वाइँ हुन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रेष्ठलाई प्रस्ताव गरेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले चीन जस्तो ठूलो छिमेकी मुलुकको राजदूतमा कुटनैतिक अनुभव भएको व्यक्तिलाई सिफारिस गर्न आग्रह गरेका छन् । माओवादीलाई चीनका लागि नेपाली राजदूतको भाग परेपछि श्रेष्ठको नाम प्रधानमन्त्री देउवालाई पठाएको छ । श्रेष्ठ माओवादी केन्द्रको निर्वाचन आयोगको प्रमुख रहेका छन् । अध्यक्ष नेपालले अष्ट्रेलियाको राजदूतमा आफ्ना बहिनीज्वाइँ पर्ने पोखरेलको नाम प्रधानमन्त्री देउवालाई दिएका छन् । पोखरेलप्रति प्रधानमन्त्री देउवा नकारात्मक छैनन् । सरकारले भारतका लागि शंकर शर्मा, बेलायतका लागि ज्ञानचन्द्र आचार्य र अमेरिकाका लागि श्रीधर खत्रीलाई राजदूत बनाएर पठाएको छ । परराष्ट्र मन्त्रालयका अनुसार चीन, दक्षिण अफ्रिका, जापान, बहराइन, कतार, बंगलादेश र मलेशियामा राजदूत खाली छन् । स्पेन, इजरायल, अष्ट्रेलिया, डेनमार्क, इजिप्ट, म्यान्मार, रुस, साउदी अरब र श्रीलंकामा पनि राजदूत खाली छ ।

# सक्षम जनप्रतिनिधि छान्ने अवसर



बेनीबहादुर कार्की

लोकतान्त्रिक मुलुकमा आवधिक निर्वाचन अनिवार्य हुन्छ । समयमै निष्पक्ष निर्वाचन नगर्ने मुलुक लोकतान्त्रिक हुनै सक्दैन । बेलायत, अमेरिका, भारतसमेतका देशमा लामो समयदेखि निरन्तर समयमै निर्वाचन गराएकैले लोकतन्त्रको जननी मुलुक भनेर विश्वमा कहलिएका हुन् । हाम्रो देश नेपालले पनि यसरी नै स्थायी रूपमा समयमै निर्वाचन गराएर लोकतान्त्रिक मुलुकको कोटीमा स्थापित हुन आवश्यक छ । नेपालमा २०७९ वैशाख ३० गते स्थानीय तह निर्वाचनको तयारी भइरहेको छ । सरकारको निर्देशनमा निर्वाचन आयोगले तयारी तीव्र गरिरहेको छ ।

नेपालमा धेरै लामो राजनीतिक सङ्घर्ष र उथलपुथलपछि स्थापित लोकतान्त्रिक प्रणालीले अझै स्थायित्व पाइसकेको छैन । फितलो कार्यान्वयनकै कारण बेलाबेलामा यो व्यवस्थाप्रति नै वितृष्णा पैदा हुन थालेको छ । यसो हुनुमा मूलतः राजनीतिक नेतृत्वकै कमजोरी महसुस गरिएको छ । यसका आधारभूत कारणमा २०७२ मा घोषणा गरिएको गणतान्त्रिक संविधान अझै सर्वस्वीकार्य हुनसकेको छैन । यसमा तत्कालै केही बुँदामा संशोधन भइसकेको भए पनि अझ नागरिकता, धर्मनिरपेक्षता र न्यायपरिषद्को गठन तथा न्यायाधीश नियुक्तिसम्बन्धी धेरै बुँदामा विवाद रहेकाले संशोधनको आवश्यकता महसुस गरिएको छ । त्यति मात्र नभएर संविधानमा भएका अन्य बुँदा संविधानअनुसार कार्यान्वयन हुन नसकेकाले पनि यो संविधानको ओज र महत्व बढ्न सकेको छैन । संविधानमा उल्लिखित बुँदा र विवादित बुँदामा छलफल र सहमति बनाएर यो संविधानलाई सर्वस्वीकार्य बनाई कार्यान्वयन गराउन ढिलाइ गर्न हुँदैन ।

नेपालमा ठूला दलको महाधिवेशन सकिएको छ । यसले दलका कार्यकर्तालाई जगाएको छ । वैशाखमा हुने स्थानीय तह निर्वाचनले जनतालाई नै जगाउनेछ । मतदानको बेलामा जनता अझै जाग्न जरुरी छ । कुन-कुन जनप्रतिनिधिले विगतका चुनावपछि राम्रो काम गरे, कसले नराम्रो गरे, वस्तुनिष्ठ आधारमा सबैको मूल्याङ्कन गर्न सक्नुपर्छ । त्यसो हुन सके निर्वाचनलाई न्याय हुनेछ । राम्रो गरेका जनप्रतिनिधिलाई दोहोऱ्याउने र नराम्रो काम गरेकालाई दण्डित गर्ने नै हो । मतदाताले दिने अन्तिम पुरस्कार र सजाय भनेकै यही हो । जो सार्वभौम जनतामा निहित अन्तिम अधिकार हो ।

समयमा निष्पक्ष मतदान गराउने विषय सरकारसँग सम्बन्धित हुन्छ भने निस्स्वार्थ मतदान दिने विषय मतदातासँग सम्बन्धित हुन्छ । समयमै निष्पक्ष निर्वाचन गराउन सके सरकारले लोकतन्त्रलाई निस्स्वार्थ आत्मसात् गरेको प्रमाणित हुनेछ । अन्यथा न समयमा निर्वाचन हुन्छ न त निर्वाचन निष्पक्ष र धाँधलीरहित नै हुन्छ । लोकतन्त्र पनि धरापमा पर्न सक्छ । निर्वाचनका नाममा गरिएको औपचारिकता मात्र साबित हुनेछ । वास्तविक निष्पक्ष निर्वाचन गराउन सही अर्थमा सहृदयी र सच्चा लोकतन्त्रको हिमायती सरकार हुन आवश्यक हुन्छ । तब मात्र सही अर्थमा निष्पक्ष निर्वाचन सम्भव हुन्छ ।

निष्पक्ष निर्वाचन गराउन मतदाता त्यतिकै जागरुक र निस्स्वार्थ हुन आवश्यक छ । प्रजातन्त्र वा लोकतन्त्र बलियो हुने/नहुने महत्वपूर्ण बिन्दु नै यही हो । जनता चेतनशील, निस्स्वार्थ र निर्भिक हुन्छन् भने निर्वाचनबाट असल व्यक्ति निर्वाचित हुनेमा शङ्का रहँदैन । जनताले विवेकको सही प्रयोग गरेनन् भने लोकतन्त्र र विकासको ओरालो यात्रा सुरु हुन्छ । यसअघिका निर्वाचनमा यही प्रवृत्तिले काम गरेको महसुस भएको छ । किनकि अधिकांश जनप्रतिनिधिले सुशासन दिन सकेनन् । मुलुकमा भ्रष्टाचार र बेथिति बढ्यो, जसका कारण आम मतदाता निराश हुनुपर्ने अवस्था उत्पन्न भयो । त्यसैले मतदाता बेलैमा सचेत हुन जरुरी छ । नत्र मुलुकमा विकास भएको डनवाद र धनवाद अझै हावी हुनेछ ।

यतिबेला बल जनताको कोटामा आएको छ । यो मौकाको सही सदुपयोग गर्न आवश्यक छ । विगतको तीतो अनुभवबाट पाठ सिकेर मतदाताले अब आउने स्थानीय तह निर्वाचनमा सही प्रतिनिधि चयन गर्न सक्नुपर्छ । विगतमा अनुभवको कमीले पनि गल्ती गरेकै हौँ । यो गल्तीको हामी मतदाताले महसुस गर्नैपर्छ । त्यतिले मात्र नपुग्ने भएकाले गल्ती सच्याएर विगतमा गरेको कामका आधारमा असल र खराब छुट्ट्याएर पुरस्कार र दण्डको नीतिलाई सफलतापूर्वक लागू गर्नैपर्छ । अन्यथा नेपालको मौजुदा राजनीतिक प्रणाली लामो समय अघि बढ्ने सम्भावना देखिँदैन ।

विगतका अनुभवले निर्वाचन गलत बाटोमा गएको छ । निर्वाचन पैसा हुनेको पक्षमा छ । यही प्रकृतिले निर्वाचन खर्चिलो हुँदै गयो भने भ्रष्टाचार मात्र बढाउँदैन, विकास प्रक्रिया ठप्प भई लोकतन्त्र समाप्त हुनेछ । निकट भविष्यमा हुने स्थानीय निर्वाचनमा वडा, गाउँ, नगरका लागि घरखेत बेचेर पैसाको तयारी गर्ने काम भइरहेको चर्चा सुनिँदै छ । यही कारणले बजारमा तरलता अभाव भएको हो । फेरि पनि निर्वाचनमा पैसाको चलखेल हुने हो भने सर्वसाधारणले मतदान प्रक्रियामा सहभागी हुनुको अर्थ रहन्न । त्यसो होइन, निर्वाचनमा सही प्रतिनिधि चुन्न मतदाता नै चेतनशील र इमानदार हुनैपर्छ । पैसालाई होइन, असल प्रतिनिधि छान्ने हक मतदातालाई मात्र हुन्छ ।

अपवादलाई छाडेर अहिलेसम्म चुनावबाट आएको परिणाम दुष्परिणाम साबित भएको छ । राजनीतिक नेतृत्वलाई नै कारक तत्व बनाएर भ्रष्टाचार, विकृति, बेथिति र बेरुजु बढेका बढ्यै छन् । जसले नियन्त्रण हुनुको साटो उग्र रूप लिइरहेको छ । यसलाई बेलैमा नियन्त्रण गर्न सकिएन भने राज्यसत्ता नै असफल हुन सक्छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन आचारसंहिता गलत गरेका जनप्रतिनिधिलाई ठीक ठाउँमा ल्याउन उपयुक्त छ । यी आधारमा अपवादबाहेक अहिलेको नेतृत्वमा रहेकाले उम्मेदवार हुनसक्ने सम्भावना कम देखिन्छ । यसको मूल कारण अपवादबाहेक मौजुदा स्थानीय नेतृत्वमा रहेकाको नाममा बेरुजु र पेस्की नभएका सायदै कोही होलान् । त्यसमा पनि भाखा नाघेको ऋण तिर्नुपर्ने भन्ने व्यवस्था राखिएपछि झन् कुरै सकियो । मुख्य कुरा यसको सही कार्यान्वयनमा छ । यसतर्फ निर्वाचन आयोग समयमा दरिलो र अडिलो हुन आवश्यक छ । आचारसंहिता आयोगले बनाए पनि यसको कार्यान्वयन सरकारकै अगुवाइमा हुने हो । राजनीतिक दलको भूमिका झन् महत्वपूर्ण हुन्छ । किनकि उम्मेदरवार छानेर निर्वाचनमा होम्ने काम दलहरूको हो । स्थानीय तह निर्वाचनमा दलहरूले निर्वाचन आचारसंहिताका बुँदाबुँदा हेरेर उम्मेदवार तय गर्न आवश्यक छ । यसले दललाई मात्र होइन, लोकतन्त्र संस्थागत गर्नसमेत बल पुऱ्याउनेछ ।

- गोरखापत्र


यतिबेला बल जनताको कोटामा आएको छ । यो मौकाको सही सदुपयोग गर्न आवश्यक छ । विगतको तीतो अनुभवबाट पाठ सिकेर मतदाताले अब आउने स्थानीय तह निर्वाचनमा सही प्रतिनिधि चयन गर्न सक्नुपर्छ । विगतमा अनुभवको कमीले पनि गल्ती गरेकै हौँ । यो गल्तीको हामी मतदाताले महसुस गर्नैपर्छ । त्यतिले मात्र नपुग्ने भएकाले गल्ती सच्याएर विगतमा गरेको कामका आधारमा असल र खराब छुट्ट्याएर पुरस्कार र दण्डको नीतिलाई सफलतापूर्वक लागू गर्नैपर्छ । अन्यथा नेपालको मौजुदा राजनीतिक प्रणाली लामो समय अघि बढ्ने सम्भावना देखिँदैन ।

विगतका अनुभवले निर्वाचन गलत बाटोमा गएको छ । निर्वाचन पैसा हुनेको पक्षमा छ । यही प्रकृतिले निर्वाचन खर्चिलो हुँदै गयो भने भ्रष्टाचार मात्र बढाउँदैन, विकास प्रक्रिया ठप्प भई लोकतन्त्र समाप्त हुनेछ । निकट भविष्यमा हुने स्थानीय निर्वाचनमा वडा, गाउँ, नगरका लागि घरखेत बेचेर पैसाको तयारी गर्ने काम भइरहेको चर्चा सुनिँदै छ । यही कारणले बजारमा तरलता अभाव भएको हो । फेरि पनि निर्वाचनमा पैसाको चलखेल हुने हो भने सर्वसाधारणले मतदान प्रक्रियामा सहभागी हुनुको अर्थ रहन्न । त्यसो होइन, निर्वाचनमा सही प्रतिनिधि चुन्न मतदाता नै चेतनशील र इमानदार हुनैपर्छ । पैसालाई होइन, असल प्रतिनिधि छान्ने हक मतदातालाई मात्र हुन्छ । अपवादलाई छाडेर अहिलेसम्म चुनावबाट आएको परिणाम दुष्परिणाम साबित भएको छ । राजनीतिक नेतृत्वलाई नै कारक तत्व बनाएर भ्रष्टाचार, विकृति, बेथिति र बेरुजु बढेका बढ्यै छन् ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापमा ९२ मतदान स्थल,२२३ मतदान केन्द्र कायम

रामेछाप । आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि निर्वाचन आयोगले रामेछाप जिल्लामा मतदान स्थल र मतदान केन्द्रको टुंगो लगाएको छ । जिल्ला निर्वाचन कार्यालय रामेछापको सिफारिसमा निर्वाचन आयोगले रामेछापमा ९२ मतदान स्थल र २२३ मतदान केन्द्रको टुंगो लगाएको हो । १ लाख ७८ हजार ८६७ मतदाता रहेको रामेछापको आठ स्थानीय तहमा मतदाताको संख्याको आधारमा मतदान स्थल र केन्द्र निर्धारण गरिएको छ । जिल्ला निर्वाचन कार्यालय रामेछापका प्रमुख मधुकर साहका अनुसार ७ वटा वडा रहेको उमाकुण्ड गाउँपालिकामा ११ मतदान स्थल र २२ मतदान केन्द्र तोकिएको छ । त्यसैगरी ९ वटा वडा रहेको खाँडादेवी गाउँपालिका १२ मतदान स्थल र २७ मतदान केन्द्र निर्धारण गरिएको छ ।

त्यसैगरी ७ वटा वडा रहेको लिखतामाकोसी गाउँपालिकामा १० मतदान स्थल र २६ मतदान केन्द्र, ७ वटा वडा रहेको दोरम्बा शैलुङ गाउँपालिकामा ११ वटा मतदान स्थल र २७ मतदान केन्द्र निर्धाणर गरेको आयोगले ७ वटा वडा रहेको गोकुलगंगा गाउँपालिका भने ६ मतदान स्थल र २० मतदान केन्द्र तोकेको छ ।

त्यसैगरी १४ वटा वडा रहेको मन्थली नगरपालिकामा १९ मतदान स्थल र ४७ मतदान केन्द्र निर्धाण गरेको छ । ९ वटा वडा रहेको रामेछाप नगरपालिकामा १४ मतदान स्थल र ३१ मतदान केन्द्र निर्धारण गरिएको छ ।

## रामेछापमा भिषण आगलागीः ११ घर जल्यो, करोडौंको क्षति

रामेछाप । रामेछाप जिल्लाको रामेछाप नगरपालिका ७ सुकाजोर स्थित रजयछापमा आगलागी हुँदा ११ घर जलर पूर्ण रुपमा नष्ट भएको छ । आगलागीबाट मानविय क्षति नभए पनि करौडोको क्षति भएको छ । बिनोद श्रेष्ठ को घरमा अचानक करेन्ट सट भई आगलागी हुँदा नजिकै रहेका अन्य १० वटा घर र ११ गोठ जलेर पूर्ण रुपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय रामेछापले बताएको छ । आगलागी भएको खबर प्राप्त हुनासाथ स्थानीय, नयाँ गोरख गणबाट खटिएको नेपाली सेनाको टोली, नेपाल प्रहरी, शसस्त्र प्रहरी बलको सहयोगमा आगलागी नियन्त्रणमा आएको थियो । लामो समयको प्रयासपछि आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रामेछापका डिएसपी राजकुमार थिङले जानकारी दिए ।

यी हुन आगलागीबाट क्षति भएका घरहरुः

रामेछाप नगरपालिका ७ रजयछाप बस्ने बिनोद श्रेष्ठको ढुङ्गा माटोले बनेको खरले छाएको १ तल्ले कच्ची घर र गोठ जली नष्ट भएको ।

हिमलाल श्रेष्ठको ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको । एकलाल श्रेष्ठ को ढुङ्गा माटो र जस्ताले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

दलबहादुर मगर को ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

धन बहादुर श्रेष्ठको ढुङ्गा माटो र जस्ताले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

तेज बहादुर श्रेष्ठको ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

चिरन्जिबि श्रेष्ठको ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

ठेग बहादुर मगरको ढुङ्गा माटो र जस्ताले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

ईश्वरलाल श्रेष्ठको ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

धन बहादुर मगरको ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको । शंकर श्रेष्ठ ढुङ्गा माटो र खरले छाएको १ तले कच्चि घर र गोठ पुर्ण रुपमा जलि नष्ट भएको ।

## एमालेप्रति जनलहर आएको छ : ढुंगेल

रामेछाप । नेकपा एमालेका केन्द्रीय सदस्य एवं रामेछापका जिल्ला इन्चार्ज कैलाश ढुंगेलले आगामी स्थानीय तहको निर्वाचनमा रामेछापको आठ वटै स्थानीय तह जित्ने दावी गरेका छन् । उनले एमालेप्रति जनलहर आएको र विगतको भन्दा पार्टीको बलियो उपस्थिति रहेकाले जित्ने आधार खडा गरेको बताएका हुन् । ढुंगेलले भने,'अधिकाशं वडामा चुनाव जित्ने जनमत बनेको छ, विगतको स्थानीय तहको निर्वाचनमा पराजित भएपनि यस पटक जित्छौं ।' उनले जिल्लाको ६४ वटै वडाको टोलटोलमा पुगेर जनताको चाहना बुझ्ने काम एक चरण सम्पन्न भएको बताउदै अब पुनः जनताको घरदैलोमा जाने कार्यक्रमलाई निरन्तरता दिने बताए ।एमालेले जितेको जिल्लाको स्थानीय तहमा राम्रो काम भएको बताउदै आगामी निर्वाचनमा सबै स्थानीय तहमा विजयी हासिल गरेर रामेछाप जिल्लालाई समृद्ध बनाउने बताए ।

बागमती प्रदेशका पूर्व आर्थिक मामिला तथा योजना मन्त्री समेत रहेका ढुंगेलले आफू मन्त्री हुँदा जिल्लाको विकासको लागि निकै सुधारको काम गरेको बताए ।

## रामेछाप सुकाजोरका खड्का चोरी मुद्दामा पक्राउ

चोरी मुद्दामा अदालतबाट दोषी ठहर भई ११ वर्षदेखि फरार रहेका रामेछाप ७ सुकाजोरका श्यामकुमार खड्कालाई प्रहरीले पक्राउ गरेको छ ।जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक राजकुमार थिङका अनुसार खड्कालाई शुक्रबार सुकाजोरको धिपिडाँडाबाट पक्राउ गरिएको हो । उनलाई अदालतले १ महिना ४ दिन कैद र ५२ हजार ५ सय जरिवानाको फैसला सुनाएको थियो । फैसला कार्यान्वयनको लागि खड्कालाई शुक्रबार नै रामेछाप जिल्ला अदालतमा बुझाइएको थिङले बताउनुभयो ।

अदालतबाट फैसला भएपछि दोषी ठहर भएका व्यक्तिहरु वर्षौंदेखि लुकिछिपी हिँडिरहेको सूचनाका आधारमा प्रहरीले केही दिन अघिदेखि खोजबिनलाई तीव्र पारेको छ । बुधबार मात्र प्रहरीले विभिन्न घटनामा सम्लग्न भई अदालतबाट दोषी ठहर भएका ६ जना फरार सूचीका व्यक्तिहरुलाई पक्राउ गरी अदालतमा बुझाएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# ग्लोबल आइएमई बैंकद्वारा मिथिला चित्रकलाको सम्मान

ग्लोबल आइएमई बैंकले नेपालको मौलिक मिथिला संस्कृति झल्कने चित्रकालाको सम्मान गर्दै वि.सं. २०७९ को क्यालेण्डर सार्वजनिक गरेको छ ।

बैंक सञ्चालक समितिका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालसहित बैंक सञ्चालक तथा बैंक उच्च




अधिकारीहरुले मिथिला चित्रकला अंकित क्यालेण्डरको सार्वजनिक गरेका छन् ।

बैंकले वर्षेनी आफ्नो क्यालेण्डरमा स्थानीय कला, संस्कृतिलाई प्राथमिकता दिँदै आएको जनाएको छ । चालू वर्ष २०७८ को क्यालेण्डरमा पनि बैंकले नेपालमा रहेका विभिन्न जातजातीका गरगहना र पहिरनलाई क्यालेण्डरमा समावेश गरी उनीहरुलाई सम्मान गरेको जनाएको थियो । नयाँ वर्षका लागि मध्य तराईको मौलिक संस्कृति मिथिला कलालाई सम्मान गर्दै क्यालेण्डरमा समावेश गरिएको बैंकले जनाएको छ ।

करिब ३७ वर्षदेखि चित्रकलामा सक्रिय अजितकुमार साह र गीताकुमारी ठाकुरले तयार पारेको मिथिला संस्कृति झल्काउने चित्रकलालाई क्यालेण्डरमा समाविष्ट गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले जानकारी दिए ।

नेपालको मौलिक मिथिला कला तराईको घरघरमा संस्कृतिका रुपमा रहे पनि मुलुकभर क्यालेण्डरमार्फत फैलाउने तथा कलाकारको योगदानलाई सम्मान गर्ने आफूहरुको प्रयास रहेको उनको भनाइ छ ।

कार्यक्रममा कलाकार साहले भिडिओ सन्देशमार्फत मिथिला कलालाई क्यालेन्डरका निमित्त छनोट गरेकोमा बैंकलाई धन्यवाद दिएका थिए भने अर्का कलाकार ठाकुरले आफूहरुको सृजना र संस्कृतिलाई मुलुकभर पुऱ्याएकोमा कृतज्ञता व्यक्त गरे ।

# कोसी अस्पताललाई सिद्धार्थ बैंकको सहयोग

सिद्धार्थ बैंकले विराटनगरस्थित कोसी अस्पताललाई संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ५० लाख रुपैयाँ बराबरको सामग्री सहयोग गर्ने भएको




छ । हेमोडायलासिस मेसिनहरू प्रदान गर्ने गरी बैंकले अस्पतालसँग सम्झौता गरेको छ । उक्त सम्झौतापत्रमा सिद्धार्थ बैंकका बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेल र कोसी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. यज्ञराज खरेलले हस्ताक्षर गरेका छन् ।

# कोसी अस्पताललाई सिद्धार्थ बैंकको सहयोग

सिद्धार्थ बैंकले विराटनगरस्थित कोसी अस्पताललाई संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत ५० लाख रुपैयाँ बराबरको सामग्री सहयोग गर्ने भएको छ । हेमोडायलासिस मेसिनहरू प्रदान गर्ने गरी बैंकले अस्पतालसँग सम्झौता



गरेको छ ।

उक्त सम्झौतापत्रमा सिद्धार्थ बैंकका बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेल र कोसी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. यज्ञराज खरेलले हस्ताक्षर गरेका छन् ।

# नेपाल बंगलादेश बैंकको वित्तीय साक्षरता कार्यक्रम

ग्लोबलमनी वीकको अवसरमा नेपाल बंगलादेश बैंकले वित्तीय साक्षरता कार्यक्रमको आयोजना गरेको छ । बैंकको कलकत्ता शाखाले बेलौरी नगरपालिकामा महिला तथा युवा पुस्तालाई वित्तीय साक्षरता अभिवृद्धि गर्न सो कार्यक्रमको आयोजना गरेको बताइएको छ । कार्यक्रममा कृषक, विद्यार्थी, घरेलु तथा लघुउद्यमी व्यापारी तथा स्थानीय जनप्रतिनिधि र सर्वसाधारण उपस्थित रहेको बैंकले जानकारी दिएको छ ।

नगदरहित विद्युतीय भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्ने नेपाल राष्ट्र बैंकको नीतिलाई सफल बनाउने उद्देश्यसहित नेपाल बंगलादेश बैंकको शो शाखाका प्रमुख पंकज भट्टले डिजिटल माध्यमबाट बैंकिङ सेवा, विद्युतिय भुक्तानी प्रणालीको प्रयोग तथा उपदेयिताको बारेमा जानकारी दिएका थिए ।

# बैंक अफ काठमाण्डू र रोडहाउस क्याफे पोखराबीच सम्झौता

बैंक अफ काठमाण्डू र रोड हाउस क्याफे पोखराबीच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङबाट क्युआर कोड स्क्यान गरी भुक्तानी गर्दा




बैंकको ग्राहकलाई १० प्रतिशत छुट उपलब्ध गराउने सम्झौता भएको छ । सम्झौतासँगै ग्राहकले रोड हाउस क्याफे पोखरामा उपलब्ध हुने सम्पूर्ण सेवामा १० प्रतिशत छुट पाउने छन् । उक्त छुटको उपयोग गर्नको लागि ग्राहकले बैंकको कार्ड तथा मोबाइल बैंकिङको प्रयोग गरी भुक्तानी गर्नु पर्छ ।

रोड हाउस क्याफे पोखराले लेकसाइड, पोखराबाट सेवाग्राहीलाई गुणस्तरीय सेवा तथा सुविधाहरू प्रदान गर्दै आएको छ । हालसम्म बैंक अफ काठमाण्डूले ९७ शाखा कार्यालय, ८७ एटीएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकलाई बैंकिङ सुविधा प्रदान गर्दै आएको जनाएको छ ।

# कामना सेवा विकास बैंकको शाखारहित बैंकिङ सेवा विस्तार

कामना सेवा विकास बैंकले पाल्पाको तानसेन नगरपालिका ९ दमकडामा शाखारहित सेवा सरुवात गरी सञ्चालनमा ल्याएको छ । बैंकले देशका विभिन्न स्थानमा सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ सेवा पुऱ्याउने उद्देश्यका सो शाखारहित सेवाको सुरुवात गरेको जनाएको छ । स्थानीय महिमा पुस्तक एण्ड मोबाइल सेण्टरमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको बैंकले जानकारी दिएको




छ ।

वडा नं ९ का वडा अध्यक्ष्यश्री हरिष सोमर रेग्मी र बैंकका संस्थापक एवं पूर्व सञ्चालक रामप्रसाद पोखरेलले शाखारहित बैंकिङ सेवाको संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

शाखारहित बैंकिङमार्फत खाता खोल्न, निक्षेप संकलन, रकम भुक्तानी, विभिन्न बिल भुक्तानीलगायतका सुविधा प्रदान गरिने बताइएको छ । यो सेवाबाट ग्रामीण तथा बैंकिङ पँहुच नपुगेका क्षेत्रमा बैंकप्रति उल्लेख्य विश्वास एवं बैंकिङ अवधारणाको विकास हुने अपेक्षा लिएको बैंकले जनाएको छ ।

# एभरेष्ट बैंकले मनायो ग्लोबल मनी विक

एभरेष्ट बैंकले विभिन्न कार्यक्रम गरेर ग्लोबल मनी विक मनाएको छ । बैंकले सातै प्रदेशमा रहेका विभिन्न स्कुल तथा कलेजहरुमा वित्तीय साक्षरता, समाजका अप्रयुक्त वर्गका लागि अन्तरक्रियात्मक बैंकिङ शिविर, स्थानीयवासीलाई




डिजिटल बैंकिङ सचेतना कार्यक्रमलगायत विभिन्न वित्तीय सचेतना अभियान सञ्चालन गरेको छ । बैंकले हाल आफ्ना लाखौं सन्तुष्ट ग्राहक रहेको दावी गरेको छ । हाल बैंकले आफ्ना ११२ शाखा, ३१ राजस्व संकलन काउन्टर, १४५ एटीएम र विश्वव्यापी नेटवर्कमार्फत प्रभावकारी बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# ज्योति विकास बैंकद्वारा प्राथमिक स्वास्थ्य केन्द्रलाई बेबीवार्मर प्रदान

ज्योति विकास बैंकले नुवाकोटको म्यागङ गाउँपालिका-३ मा रहेको देउराली प्राथमिक स्वास्थ्य केन्द्रलाई बेबी वामर हस्तान्तरण गरेको छ ।

बैंकले आफ्नो सामाजिक संस्थागत उत्तरदायित्वमार्फत सो स्वास्थ्य संस्थालाई राष्ट्रिय आविष्कार केन्द्रद्वारा स्वदेशमै निर्मित बेबीवार्मर प्रदान गरेको हो । बेबी वार्मरले नवजात शिशुको शारिरीक तापक्रम उचित बनाइराख्न सहयोग गर्ने बताइएको छ ।

देउराली प्राथमिक स्वास्थ्य केन्द्रमा बैंकका नुवाकोट र धादिङ क्षेत्रका प्रमुख रबिन रेग्मी र देउराली शाखा प्रबन्धक हर्कबहादुर तामाङले म्यागङ गाउँपालिका-३ का वडाध्यक्ष हरिबहादुर तामाङको उपस्थिमा स्वास्थ्य केन्द्रलाई सो बेबी वार्मर हस्तान्तरण गरिएको छ । कार्यक्रममा स्वास्थ्य संस्थामा बेबी वार्मर सञ्चालन सम्बन्धि तालिम पनि दिइएको बैंकले जनाएको छ ।

बैंकले यसअघि पनि देशका विभिन्न स्थानमा रहेका १२ स्वास्थण् चौकीहरुलाई बेबी वार्मर प्रदान गरिसकेको जनाएको छ ।

## अर्थ संसार

# चितवनको टाँडीबाट सानिमा बैंकको सेवा सुरु

सानिमा बैंक लिमिटेडले बिहीबारदेखि चितवनको टाँडीमा बैंक शाखा स्थापना गरी बैंकिङ सेवा विस्तार गरेको छ ।

उक्त शाखा कार्यालयको उद्घाटन ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य(मह जोडी) र सानिमा बैंकका सञ्चालक डा.केशव प्रसाद आचार्यले संयुक्त रुपमा गरेका हुन् । उद्घाटन समारोहमा मह जोडीले रत्ननगर, टाँडीमा सानिमा बैंकको शाखा सञ्चालनमा आएकोमा

सानिमा बैंक

बैंकलाई बधाई ज्ञापन गर्दै सबल अनि विश्वसनीय बैंकको रुपमा निरन्तर विस्तार हुन र थप सफलताको लागि शुभकामना व्यक्त गरे । रत्ननगर नगरपालिकाका मेयर नारायण बनले रत्ननगरमा सानिमा बैंकले शाखा सञ्चालनमा ल्याएसँगै सो क्षेत्रका स्थानीय बासिन्दाको बैंकिङ तथा वित्तीय आवश्यकता पूरा गर्ने र त्यहाँको व्यावसायिक विकासमा टेवा पु-याएकोमा शुभकामना व्यक्त गरे । बैंकका सञ्चालक डा आचार्य र प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेद्वारा बैंकका ग्राहक तथा सरोकारवालाहरुलाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गरे । बैंकको देशका सातै प्रदेशमा १२६ कार्यालय र ११४ वटा एटीएम सञ्चालनमा रहेका छन् ।

# खल्ती डिजिटल वालेटमा बैंक लिंक गर्दा नगद बोनस

खल्ती डिजिटल वालेटले खल्तीमा पहिलो पटक बैंक लिंक गरेमा एक सय रुपैयाँ बोनस पाउने अफर ल्याएको छ । यो अफर लोड गर्ने झन्झटबाट मुक्त गरि अनलाइन भुक्तानीलाई प्रोत्साहित गर्ने उद्देश्यले ल्याइएको कम्पनीले जनाएको छ । हाल, खल्तीमा लिंक गर्न योग्य २० बैंकहरू उपलब्ध छन् । तसर्थ, पहिलो पटक आफ्नो बैंक खाता खल्तीमा लिंक गर्ने प्रयोगकर्ताहरूलाई मात्र बोनस उपलब्ध हुनेछ । बैंकहरू लिंक गर्न, प्रयोगकर्ताले आफ्नो केवाईसी




प्रमाणित गर्नुपर्छ । यो अफर चैत ९ गतेदेखि वैशाख ८, २०७९ गतेसम्म लागू हुनेछ । प्रयोगकर्ताले एक पटक खल्तीमा बैंक लिंक गरिसकेपछि पैसा लोड नगरी केही समयमै भुक्तानी र बैंक ट्रान्सफर गर्न सक्नेछन् । यसले सबैलाई तुरुन्तै विद्युत, पानी, इन्टरनेट, राजस्व र अन्य उपलब्ध सेवाहरूको झन्झटमुक्त भुक्तानी गर्न सक्नेछन् । खल्तीमा घरि-घरि पैसा राख्ने झन्झटबाट मुक्त गर्न बैंक लिंक सुविधा फाइदाजनक छ । यही कारण यो सुविधा प्रयोग गर्न प्रोत्साहन गर्न दोस्रो पटक यो अफर ल्याएका हौं खल्तीका प्रमुख कार्यकारी अधिकृत विनय खड्काले भने, हामी हाम्रा प्रयोगकर्ताहरूलाई यो सुविधा पूर्ण रूपमा प्रयोग गर्न र उनीहरूको समय बचत गर्न प्रोत्साहित गर्न चाहन्छौं ।

# मेगा बैंकलाई दुई अन्तर्राष्ट्रिय अवार्ड

मेगा बैंक नेपालले एकैसाथ दुई वटा अन्तर्राष्ट्रिय अवार्ड जितेको छ ।

बैंकले 'बेष्ट सिएसआर कमर्सियल बैंक नेपाल अवार्ड २०२२' र मेगा बैंककी प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेली 'वुमन बैंकिङ सिइओ अफ दि एयर अवार्ड २०२२'बाट सम्मानित भएकी हुन् । सिंगापुरस्थित वर्ल्ड बिजनेश आउटलुकका अनुसार सामाजिक संस्थागत उत्तरदायित्वअन्तर्गत नेपालको विभिन्न सामाजिक क्षेत्रमा मेगा बैंकले उत्कृष्ट योगदान गरे बापत बैंकलाई 'बेष्ट सिएसआर कमर्सियल बैंक नेपाल अवार्ड २०२२' प्रदान गरिएको हो । स्थापना कालदेखि नै सामाजिक उत्तरदायित्व वहनलाई समुदायमा बैंक र यसको सोचलाई स्थापित गराउँदै आएको मेगा बैंकले गत आर्थिक वर्ष एक करोड ३५ लाख कोभिडको रोकथाम तथा उपचारका निमित्त राष्ट्रिय तथा प्रदेशिक कोषहरूमा उपलब्ध गराएको थियो । त्यस्तै, यस वर्ष संघीय, प्रदेशिक वा पालिकास्तरीय अस्पतालहरूको आकस्मिक कक्ष तथा बाल कक्षको सुधार उपचारार्थ खर्च गर्ने नीति लिएको छ । शिक्षामा बालिकाहरूको पहुँचलाई स्थापित गर्दै महिला सशक्तिकरणमा टेवा पुऱ्याउन र मेगा बैंकमै रोजगारीको अवसर सृजना गर्न बैंकले 'एक शाखा दुई छोरी' कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत ३९० जना छात्रालाई वार्षिक रुपमा ४३ लाख रकम बराबरको छात्रवृति उपलब्ध गराएको छ । यसैगरी, नेपालको 'क' वर्गको वाणिज्य बैंकको प्रथम महिला सीइओको इतिहास बनाएकी सीइओ अनुपमा खुञ्जेलीलाई मेगा बैंकको सफल नेतृत्व गरी नेपालको बैंकिङ क्षेत्रमा अतुलनीय योगदान गरेबापत 'वुमन बैंकिङ सिइओ अफ दि एयर अवार्ड २०२२' प्रदान गरिएको वर्ल्ड बिजनेश आउटलुकले जनाएको छ । नेपालबाट यो अवार्ड जित्ने मेगा बैंक र सीइओ खुञ्जेली मात्रै हुन् । खुञ्जेलीले यसै वर्ष 'बेस्ट फिमेल अवार्ड २०२१' पनि प्राप्त गरेकी थिइन् । उनकै नेतृत्वमा मेगा बैंकले प्रतिष्ठित 'बैंक अफ दि एयर अवार्ड २०१९' समेत प्राप्त गर्न सफल भएको थियो ।

# नजिकको सरकारसित जनअपेक्षा

डा. ज्ञानेन्द्रबहादुर कार्की

नेपालको संविधानको भाग १७ मा स्थानीय कार्यपालिका अर्थात् स्थानीय सरकारको व्यवस्था गरिएको छ । स्थानीय तहले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको समेत काम गर्र्ने हैसियत संवैधानिक रूपमा पाएको छ । गाउँपालिका अध्यक्षको अध्यक्षतामा गाउँ कार्यपालिकाको गठन तथा नगरपालिकाका प्रमुखको अध्यक्षतामा नगर कार्यपालिकाको गठन हुने व्यवस्था भएअनुसार ७५३ वटै स्थानीय तहमा २०७४ सालदेखि स्थानीय सरकारले काम गरिरहेका छन् । स्थानीय तहको दोस्रो निर्वाचन २०७९ वैशाख ३० गते हुँदै छ । पाँच वर्षका लागि निर्वाचित पहिलो स्थानीय सरकारले गरेका राम्रा र नराम्रा कामको मूल्याङ्कन जनताले गरिरहेका छन् । त्यसले दोस्रो स्थानीय तहको निर्वाचनमा नयाँ नेतृत्व चयनका लागि जनतालाई सही निर्णय लिन केही सहज हुनेछ । स्थानीय सरकारलाई सिंहदरबारको अधिकार जनताको घरदैलोमा पुऱ्याउने सरकारका रूपमा हेरिन्छ । वास्तवमा भन्ने हो भने संविधानलाई देश र जनताको पक्षमा कार्यान्वयन गराउने, लोकतन्त्रको स्थायित्व गर्ने, राजनीतिक स्थायित्व र शान्तिका लागि काम गर्ने जनताको नजिकको सरकार भनेकै स्थानीय सरकार हो ।

आर्थिक समृद्धिका आधार तय गरी स्थानीय आर्थिक विकास र समृद्धिको नेतृत्व गर्ने र स्थानीय तहमा आएको बजेटलाई आवश्यकताका आधारमा सही तरिकाले सही ठाउँमा खर्च गरी बढीभन्दा बढी उपलब्धि हासिल गर्ने काम स्थानीय सरकारले गर्छ । गरिब र पिछाडिएका वर्ग तथा क्षेत्रका मानिसलाई माथि उठाउन विशेष प्राथमिकताका साथ अभियान चलाउन सक्ने सरकार भनेको स्थानीय सरकार नै हो । स्थानीय स्रोतसाधनको प्रयोग गरी गरिबी निवारणको जिम्मेवारी लिने, स्थानीय स्तरमा आत्मनिर्भर बनाउने, रोजगारीको अवसर सिर्जना गराउने, कुनै पनि किसिमका हिंसाबाट मुक्त गर्र्ने पहिलो र प्रभावकारी सरकार नै स्थानीय सरकार हो ।

त्यसैगरी स्थानीय तह र जनताको हितका लागि आवश्यक कानुन तथा नियमावली बनाउने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लागू गरी भ्रष्टाचाररहित समाज निर्माण गर्र्ने, स्थानीय तहमा मौलाउँदै गएको राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका विकृति, विसङ्गति र अनियमिततालाई रोक्ने, स्थानीय जनताको एकता मजबुत बनाउँदै राष्ट्रिय एकता बलियो बनाउने र आम नागरिकको अभिभावकीय सरकारको रूपमा स्थानीय सरकारले काम गर्नुपर्छ ।

संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको २२ वटा अधिकारको विविध विषयमा एकल निर्णय गर्न सक्ने अधिकार तथा संविधानको अनुसूची ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको १५ वटा साझा अधिकारको विविध विषयमा स्थानीय तहको अधिकार स्थापित गर्र्ने जिम्मेवारी प्राप्त भएको सरकार हो । स्थानीय तहको जग बलियो र फराकिलो बनाउन प्रादेशिक र सङ्घीय सरकारसँग सम्पर्क र समन्वय गरी सहयोग लिने तथा सहयोग जुटाउन पहल गर्ने सरकारका रूपमा स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको छ । स्थानीय तहका यति धेरै कामलाई व्यवस्थित गरी जनप्रतिनिधि अगाडि बढ्न सके सफल हुने र सम्हाल्न नसक्ने असफल हुने गर्छन् ।

सफलताका आधार

जनताको काम सधैँ छिटोछरितो ढङ्गले गर्ने र जनगुनासोलाई न्यून गर्दै लैजाने, जनताको काम गर्र्न सधैँ तयारी अवस्थामा रहने, जनताप्रति कहिल्यै आक्रोशित नहुने, शक्तिमा रहँदा गाउँ तथा नगरवासी जनताप्रति इमानदार, पारदर्शी तथा कर्तव्यनिष्ठ भएर काम गर्दा सफल हुने सम्भावना बढी हुन्छ । सधैँ जनताका समस्या तथा जनताका अवधारणालाई प्राथमिकताका साथ सम्बोधन गरी जनताबीचको दूरी घटाउने, समयानुकूल जनहितका नीति तथा कार्यक्रमका साथ अगाडि बढ्ने, जनताले आफूलाई कसरी लिन्छन्, त्यसको जानकारी लिने र सुधार गर्र्ने, गाउँ तथा नगरवासीका लागि अविस्मरणीय, चमत्कारी रूपान्तरणको काम गर्ने स्थानीय तहका जनप्रतिनिधिहरू नै सफल प्रतिनिधिका रूपमा स्थापित हुन्छन् ।

त्यस्तै स्थानीय स्रोत, साधन तथा शक्तिलाई जनताको हितमा अधिकतम प्रयोग गर्ने, गाउँ तथा नगरलाई समुन्नत र सद्भावपूर्ण समाज निर्माण गर्ने कार्यदिशामा काम गर्ने, तत्कालीन र दीर्घकालीन जनताका एजेन्डालाई सम्बोधन गरेर अगाडि बढ्ने, नगर तथा गाउँवासीको आर्थिक तथा सामाजिक समृद्धिका लागि योजनाबद्ध ढङ्गले काम गर्ने अवस्थामा सफलता मिल्ने गर्दछ । जनताको परिवर्तनको चाहनालाई आत्मसात् गर्दै परिवर्तनको लहर ल्याउने, जनतासँग सरोकार रहेका शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार र सामाजिक सुरक्षामा लगानी बढाउने, शान्तिपूर्ण तथा न्यायपूर्ण समाज निर्माणका लागि पहिलो प्राथमिकता दिएर अपराध घटाउने कार्यक्रम ल्याउने गर्न सक्नुपर्छ ।

त्यसैगरी समुदायका लागि लक्षित कार्यक्रम ल्याई जनताको जीवनस्तर उकास्ने, सत्तामा रहँदा सधैँ न्यायिक अङ्कको जस्तो स्वच्छ भएर काम गर्ने शैलीमा अभ्यस्त हुने जनप्रतिनिधि नै सफल मानिन्छन् ।

जनप्रतिनिधिले आफ्नो गाउँ तथा नगरभित्रका प्राकृतिक स्रोतसाधनको पहिचान गरी त्यसको दुरुपयोग नहुने गरी आफ्नो तहको विकासका लागि आवश्यकताअनुसार उपयोग गर्ने कार्ययोजना बनाई दिगो समृद्धिको आधार तयार गर्नुपर्छ । साथै उद्योग सञ्चालन तथा अन्य कुनै पनि व्यवसाय गर्न इच्छुक व्यक्ति तथा संस्थाको मनोबल र आत्मविश्वास बढाउन व्यवसाय सञ्चालनसम्बन्धी आधारभूत मान्यताको जानकारी दिने उद्देश्यले तालिम तथा प्रशिक्षणको व्यवस्थापन गर्न सक्नुपर्छ । जनप्रतिनिधिले स्थानीय तहको आर्थिक विकास र समृद्धिका लागि अल्पकालीन, मध्य र दीर्घकालीन योजनाको तर्जमा गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ ।

स्थानीय सरकार राजनीतिक रूपमा स्थायित्व प्राप्त सरकार हो । त्यसलाई आफ्नो कार्यकालमा कसैले हल्लाउन सक्दैन । त्यसैले शान्ति स्थापना गर्दै निरन्तर रूपमा विकास र समृद्धिको अभियानमा जनप्रतिनिधि लागिरहनुपर्छ । स्थानीय जनतालाई स्वस्फूर्त रूपमा लगानी गर्ने वातावरण सिर्जना गरी स्थानीय लगानीलाई उत्पादनमा लगाउन प्रोत्साहित पार्न'पर्छ । आफ्नो स्थानीय तहलाई कुन कुन कुराको हब बनाएर जनताको जीवनस्तर माथि उठाउन सकिन्छ, त्यसमा स्थानीय जनप्रतिनिधिले अध्ययन गरी प्राविधिक तथा आर्थिक सहयोगका कार्यक्रम अगाडि सार्नुपर्छ । आफ्नो नगर तथा गाउँमा रहेका मानवीय स्रोतको सीप तथा क्षमताको वर्गीकरण गरी सीप र क्षमताका आधारमा मानवीय स्रोत परिचालन गरी विकासको अभियान अगाडि बढाउनुपर्छ । यतिका सफलताका आधार हुँदाहुँदै पनि व्यक्तिगत कमीकमजोरीका कारण जनप्रतिनिधि उठ्नै नसक्ने गरी बदनाम कमाउन र सजायको भागिदार बन्नुपर्ने अवस्था पनि आउँछ ।

असफलताका कारण

जनताले औँला ठड्याउने गरी जनप्रतिनिधिले अनुचित रूपमा सेवासुविधा लिने र बढाउने काम गरेमा, सत्तामा पुग्दा अस्वाभाविक धन र शक्तिको मात चढेमा, राष्ट्रियताको पक्षमा चुकेमा, यथास्थितिवादी सोच राख्दै परिवर्तनको चाहनालाई व्यवस्थापन गर्न नसकेमा, राजनीतिक जवाफदेहिताको अभाव भएमा सफल हुने सम्भावना धेरै न्यून हुन्छ । स्थानीय स्तरमा मूल्यवृद्धि आकासिएमा अर्थात् निरन्तर मूल्यवृद्धि भएमा, भ्रष्टाचार र विविध काण्ड बढेमा, रोजगारी सिर्जना गर्ने वातावरण नबनाएमा, बेरोजगारी समस्या समाधान गर्ने नीति अख्तियार नगरेमा, सुशासनमा प्रवेश गरी जनताको मन जित्न नसकेमा जनप्रतिनिधि असफल हुन्छन् ।

त्यसैगरी परिवर्तनलाई बुझ्न र आत्मसात् गर्न नसक्दा, कल्याणकारी योजना गरिब तथा पिछाडिएको क्षेत्र र वर्गका जनताप्रति लक्षित गर्न नसक्दा, तत्कालीन समस्याको समाधानप्रति जागरुक हुन नसक्दा, शान्ति स्थापनामा जनताको विश्वास जित्न नसक्दा जनप्रतिनिधि असफल हुन्छन् । निर्णय क्षमता कमजोर हुनुका साथै बलियो नीति लिन नसक्दा, परिणाममुखी कार्यान्वयनमा जोड दिन नसक्दा, राजनीतिक हस्तक्षेप रोकेर कर्मचारीतन्त्रभित्रको आन्तरिक क्षमताको विकास र उपयोग गर्न नसक्दा जनप्रतिनिधिले असफलता बेहोर्नुपर्छ । सत्तामा पुगेका जनप्रतिनिधि अपारदर्शी, स्वार्थी, हठ,

बाँकी ६ पृष्ठमा

## हार्दिक श्रद्धाञ्जली



स्वर्गारोहण
१९९९-०७-११

स्वर्गारोहण
२०७८-१२-१४

**स्व. मान कुमारी बुढाथोकी**

हाम्री ममतामयी हजुरआमा मान कुमारी बुढाथोकी यहि मितिः २०७८ साल चैत्र १४ गते ८८ बर्षको उमेरमा स्वर्गीय हुनुभएको हुदा उहाको स्वर्गमा वास होस् भनि श्री पशुपतिनाथसँग प्रर्थना गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तब्ध परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भनि कामना गर्दछौं ।

**मोहन कार्की**
अध्यक्षः जन अकाश मिडिया प्रा.लि. (परिवार)

# खेलकुद

## विश्वकप फुटबल खेल्ने २० टोलीको टुंगो लाग्यो, कुन महादेशबाट कुन ?

काठमाडौं । आगामी नोभेम्बर/डिसेम्बरमा कतारमा आयोजना हुने फिफा विश्वकपको छनोट प्रक्रिया अन्तिमतिर पुगेको छ । विश्वभरबाट सहभागी हुने ३२ मध्ये २० टोलीको टुंगो लागेको छ । बाँकी १२ टोलीको टुंगो पनि अबको केही समयमै लाग्नेछ । विश्व फुटबलको सबैभन्दा प्रतिष्ठित प्रतियोगितामा सबैको नजर छ । यसपल्ट पहिलोपटक जाडो समयमा विश्वकप आयोजना हुँदैछ । कतारले पनि विश्वकप आयोजनाका लागि आफ्नो तयारीलाई अन्तिम रुप दिँदैछ । अहिलेसम्म विश्वकप खेल्ने टुंगो लागेका २० देश यी हुन् :

युरोप

फिफा विश्वकपमा युरोपबाट सबैभन्दा धेरै १३ टोली सहभागी हुनेछन् । तीमध्ये छनोट प्रतियोगिताबाट सिधै छानिएका १० टोलीको टुंगो लागिसकेको छ । जर्मनी, डेनमार्क, बेल्जियम, फ्रान्स (साविक विजेता), क्रोएसिया, स्पेन, सर्विया, इंग्ल्याण्ड, स्वीटजरल्याण्ड र नेदरल्याण्ड्स विश्वकपमा छनोट भइसकेका छन् । बाँकी तीनमध्ये दुई टोलीको टुंगो प्लेअफबाट लाग्नेछ । मंगलबार तीनमध्ये दुई प्लेअफको फाइनल हुँदैछ । दुई फाइनलको विजेता टोली विश्वकपमा पुग्नेछन् । युरोप प्लेअफ फाइनल पोल्याण्डविरुद्ध स्वीडेन र पोर्चुगलविरुद्ध नर्थ मासेडोनियाबीच हुनेछ । अघिल्लो साता भएको प्लेअफ सेमिफाइनलमा नर्थ मासेडोनियाले अप्रत्यासित जित निकाल्दै इटलीलाई लगातार दोस्रोपल्ट विश्वकपबाट वञ्चित गराइदिएको थियो । चारपटकको विश्व विजेता इटली अघिल्लो वर्ष इंग्ल्याण्डलाई हराउँदै युरो च्याम्पियन बनेको थियो ।

रुस-युक्रेन तनावका कारण प्लेअफको एउटा सेमिफाइनल खेल आयोजना हुन सकेको छैन । स्कटल्याण्ड र युक्रेनबीच हुनुपर्ने प्लेअफ सेमिफाइनल जुन महिनाका लागि सारिएको छ । त्यो खेलको विजेताले कतार यात्रा निश्चित गर्नका लागि वेल्ससँगको प्लेअफ फाइनल जित्नुपर्छ ।

दक्षिण अमेरिका

दक्षिण अमेरिकाबाट विश्वकपमा सिधा छनोट हुने चार टोली निश्चित भइसकेको छ । १० टोली सम्मिलित छनोट प्रतियोगितामा ६ चरणको खेल अगावै ब्राजिल विश्वकपमा छनोट भएको थियो । आयोजक कतारपछि सन् २०२२ को विश्वकपमा छानिने ब्राजिल पहिलो टोली हो ।

दक्षिण अमेरिकाबाट विश्वकपमा सिधा छानिएका टोली ब्राजिल, अर्जेन्टिना, इक्वेडर र उरुग्वे हुन् । दक्षिण अमेरिकी छनोटमा पाँचौं स्थानमा रहने टोलीले अन्तरमहादेशीय प्लेअफ खेल्नेछ । अन्तिम चरणको खेल बाँकी रहँदा यो स्थानका लागि पेरु, कोलम्बिया र चिलीबीच प्रतिस्पर्धा छ । यी तीनमध्ये एक टोलीले अन्तरमहादेशीय प्लेअफमा एसियन प्लेअफको विजेतासँग विश्वकपमा पुग्न प्रतिस्पर्धा गर्नेछ ।

उत्तर तथा मध्य अमेरिका (कन्काफ)

कन्काफ क्षेत्रमा विश्वकप छनोट प्रतियोगितामा ८ टोलीको सहभागिता छ र यहाँबाट तीन टोली सिधै विश्वकपमा छानिनेछन् । छनोटको शीर्ष स्थानमा रहेको क्यानडाले सोमबार जमाइकालाई हराएर ३६ वर्षपछि विश्वकपमा छानिएको छ ।

छनोट प्रतियोगिताको अन्तिम चरणका खेलहरु बुधबार हुनेछन् । समान २५ अंक रहेको अमेरिका र मेक्सिको सम्भवतः विश्वकपमा सिधै छनोट हुनेछन् । तीन अंकले पछि रहेको कोष्टारिकाले सम्भवतः अन्तरमहादेशीय प्लेअफमा ओसियाना क्षेत्रको विजेतासँग फाइनल स्पर्धा गर्नुपर्नेछ ।

अफ्रिका

अफ्रिकाबाट पाँच टोलीले विश्वकप खेल्न पाउँछन् । अफ्रिकामा यसपल्ट होम एण्ड अवेको आधारमा दुई लेगको प्लेअफमार्फत विश्वकप खेल्ने टोलीको टुंगो लगाइँदैछ ।

१० टोलीबीच प्लेअफको पहिलो लेग भइसकेको छ । दोस्रो लेगको नतिजाबाट कतार जाने टोली निश्चित हुनेछन् । दोस्रो लेगका खेलहरु मंगलबार र शुक्रबार हुँदैछन् ।

अफ्रिकी छनोट प्लेअफको पहिलो लेगको नतिजा
क्यामरुन ०-१ अल्जेरिया
कंगो १-१ मोरक्को
इजिप्ट १-० सेनेगल
घाना ०-० नाइजेरिया
माली ०-१ ट्युनिसिया

एसिया

एसियाबाट पाँच टोलीले सिधा र १ टोलीले अन्तरमहादेशीय प्लेअफ जितेको खण्डमा विश्वकप खेल्न पाउँछन् । एसियाकै कतार आयोजकको नाताले सिधै छनोट भएपछि बाँकी चार स्थानको पनि टुंगो लागिसकेको छ ।

एसियाबाट विश्वकपमा सिधा छनोट भएका टोलीमा कतार (आयोजक), इरान, दक्षिण कोरिया, साउदी अरेबिया र जापान हुन् ।

सबैभन्दा ठूलो महादेश एसियामा विश्वकप छनोट प्रक्रियाको अन्तिम छनोट प्रतियोगिता दुई समूहमा विभाजन गरी खेलाइएको थियो । दुवै समूहको शीर्ष दुई टोली सिधा छानिएका छन् भने तेस्रो हुने टोलीबीच प्लेअफ फाइनल खेल हुनेछ । त्यसमध्ये समूह 'बी'को अष्ट्रेलियाले तेस्रो स्थानमा रहेर प्लेअफ फाइनलमा स्थान सुरक्षित गरिसकेको छ ।

समूह 'ए' बाट युएई, इराक र लेवनानबीच प्रतिस्पर्धा हुँदैछ । मंगलबार हुने छनोट चरणको अन्तिम खेलमा युएई र दक्षिण कोरिया, इराक र सिरिया तथा लेवनान र इरानबीच प्रतिस्पर्धा हुँदैछ । युएईले दक्षिण कोरियालाई पराजित गरेमा प्लेअफ फाइनलका लागि छानिनेछ । युएई पराजित हुँदा र इराकले सिरियालाई हराएको अवस्थामा इराक प्लेअफमा पुग्नेछ । प्लेअफ फाइनलमा विजयी टोलीले विश्वकपमा स्थान बनाउनका लागि अन्तरमहादेशीय प्लेअफमा दक्षिण अमेरिकी छनोटको पाँचौं स्थानमा रहने टोलीसँग निर्णायक प्रतिस्पर्धा हुनेछ ।

ओसियाना

ओसियाना क्षेत्रबाट कुनै पनि टोलीले सिधा छनोट हुन पाउँदैनन् । तर अन्तरमहादेशीय प्लेअफबाट उनीहरुलाई अवसर हुनेछ । ओसियाना छनोटको फाइनल बुधबार सोलोमोन आइल्याण्ड र न्युजिल्याण्डबीच हुनेछ । सो खेलको विजेताले कन्काफ क्षेत्रको छनोटमा चौथो हुने टोलीसँग अन्तरमहादेशीय प्लेअफ खेल्नेछ । विजेता टोलीले कतार विश्वकपमा स्थान बनाउनेछ ।

## उठान.......

गर्नुपर्छ ? जस्ता बिषयमा गहन बहस र छलफल गर्न जनताले सक्नुपर्छ तब मात्र देशले जित्ने पार्टीले हारेपनि फरक नपर्ने महत्वपुर्ण काम हुनसक्छ ।

विगतको जस्तै चुनाव आउने चहलपहल बढ्ने तर देशले कहिल्यै प्रगति नगर्ने उल्टै देशले नोक्सान व्यहोर्नु पर्ने जस्ता समयस्या भोगेका नेपालीहरुले सचेत भएर निर्वाचन आफ्नो लागि हो समयमा सही नेतृत्व चुनेनौं भने यसैगरी देशको उद्योगति र जनताले दुःख मात्र पाइराख्नु पर्छ भन्ने सोचेर जनताले सचेत, सजग हुँदै यो महत्वपुर्ण स्थानीय निर्वाचनमा पार्टी होइन असल, सक्षम, योग्य, दक्ष नेतृत्व छान्न सक्नुपर्छ जसले भोलिका दिनमा देशमा प्रगति उन्नति गराउन सकोस् ।

यस्तो महत्वपुर्ण निर्णय जनताले गर्न सकेको खण्डमा मात्र देशले प्रगति गर्न सक्छ । जनताको ध्यान पुगोस् ।

## कुन....

खोटाङ १३, सोलुखुम्बु १३, ओखलढुङ्गा १३, उदयपुर २२, झापा ३०, मोरङ ३३, सुनसरी ३२, सप्तरी २८, सिरहा २६, धनुषा २६, महोत्तर २०, सर्लाही २९, रौतहट ३०, बारा २९ र पर्सा २७ दलले निर्वाचनमा भाग लिने जानकारी उहाँले दिनुभयो ।

यसैगरी, दोलखा १६, रामेछाप १८, सिन्धुली २०, काभ्रेपलाञ्चोक २४, सिन्धुपाल्चोक १९, रसुवा १२, नुवाकोट २२, धादिङ २१, चितवन २८, मकवानपुर २४, भक्तपुर २८, ललितपुर ३१, काठमाडौं ४०, गोरखा १८, लमजुङ १२, तनहुँ १७, कास्की २५, मनाङ पाँच, मुस्ताङ पाँच, पर्वत १४, स्याङ्जा १३, म्याग्दी १४, बागलुङ १३, नवलपरासी (पूर्व) १६, नवरपरासी (पश्चिम) २१, रुपन्देही ३२, कपिलवस्तु २९ र पाल्पा नौ दलले निर्वाचनमा भाग लिँदै छन् ।

अर्घखाँची ११, गुल्मी ११, रुकुम (पूर्व) सात, रोल्पा सात, प्युठान नौ, दाङ २१, बाँके २३, बर्दिया २०, रुकुम (पश्चिम) सात, सल्यान सात, डोल्पा पाँच, जुम्ला आठ, मुगु नौ, हुम्ला नौ, कालिकोट १४, जाजरकोट सात, दैलेख आठ, सुर्खेत १९, बाजुरा नौ, बझाङ सात, डोटी नौ, अछाम १०, दार्चुला १०, बैटडी १०, डडेलधुल्दा १०, काञ्चनपुर १९ र कैलाली २३ दल रहेका छन् । आयोगले राष्ट्रिय मान्यता प्राप्त छ वटा दलबाहेक निर्वाचन प्रयोजनका लागि विभिन्न जिल्लामा दर्ता भएका साना दलहरुले पनि आफ्नै निर्वाचन चिन्हमा चुनाव लड्न पाउने निर्णय गरेको छ ।

देशभर ७९ वटा राजनीतिक दलहरुले आफ्नै चुनाव चिन्हमा उम्मेदवारलाई उठान पाउने भएका छन् ।

आयोगले स्थानीय तह निर्वाचनका लागि १० हजार ७६५ मतदान केन्द्र र ११ हजार ९६६ मतदानस्थल कायम गरेको जनाएको छ ।

त्यस्तै, निर्वाचन प्रयोजनाका लागि यही चैत १५ गतेदेखि कल सेन्टर ९११०२० प्रयोगमा आउने प्रवक्ता पौडेलले जानकारी दिनुभयो ।

यसैगरी, निर्वाचनमा मतपत्र जनक शिक्षा सामाग्री केन्द्रबाट छपाइ गर्ने निर्णय भएको उहाँले बताउनुभयो । सो निर्णय बमोजिम केन्द्रलाई जनशक्ति, छपाइ र छपाइ मेसिन लगायतका पूर्वधार तयारी अवस्थामा राख्न निर्देशन दिइएको पनि उहाँले बताउनुभयो ।

## विप्लव.......

सदस्यहरूले असहमति जनाएपछि संशोधनसहित पारित भएको हो । बैठकमा ६९ सदस्यीय केन्द्रीय समिति सदस्य मध्ये ४४ जना विप्लवको प्रस्तावको विपक्षमा उभिएका थिए ।

त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले निर्वाचन बहिस्कार गरेकोमा असन्तुष्ट युवा, विद्यार्थीहरुले संयुक्त समाजवादी मोर्चाको घोषणा गरेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) ले आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचन बहिस्कार गर्ने निर्णय गरेको थियो । त्यसप्रति असन्तुष्ट युवाले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरेर नयाँ मोर्चाको घोषणा गरेका हुन् ।

नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) का पूर्वकेन्द्रीय अध्यक्ष तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य सेवन्तराज भण्डारीको नेतृत्वमा संयुक्त समाजवादी मोर्चाको घोषणा गरिएको छ ।

पार्टीले निर्वाचनलाई वहिस्कार, उपयोग र फेरी बहिष्कारको नीति लिएर यथास्थिति गोलचक्करमा फसेकाले पार्टी परित्याग गर्नुपरेको संयुक्त समाजवादी मोर्चाका अध्यक्ष भण्डारीले बताए ।

'अहिलेको वहिष्कार कार्यक्रमबाट हामी कहाँ पुग्छौं ? यसले के नतिजा दिन्छ ? यसले जुन नतिजा दिन्छ त्यो नतिजा पछाडी थप हाम्रा कार्यक्रमहरु के हुने हुन् ? यो कुनै कुरामा स्पष्टता नदेखाइकन नेतृत्वले जुन हठात किसिमले वहिष्कारको निर्णय गऱ्यो हाम्रो यसमा चित्त बुझेन', उनले भने ।

मोहन वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीले तत्कालिन माओवादी पार्टीबाट विभाजन हुनुको औचित्य पुष्टि गर्न नसकेको भन्दै उनले मोहन वैद्यको नेतृत्वमा समाजवादी क्रान्ति पुरा गर्न सम्भव नभएको पनि बताए ।

'मोहन वैद्यको क्षमताबाट अब अगाडी बढ्न सम्भव छैन । अब समाजवादी क्रान्ति गर्ने भनेर हामीले भनिरहेका छौं । त्यो समाजवादमा पुग्ने लक्ष्यका निम्ति मोहन वैद्य लगायतको नेतृत्वको क्षमता बाधक बन्न पुग्यो', उनले भने 'त्यसकारणले गर्दाखेरि हामीले विद्रोहको आँट गऱ्यौं ।' उनले नवगठित मोर्चाले ३० वैशाखको स्थानीय तहको निर्वाचनमा भाग लिने बताए । तत्काल आफूहरुको मोर्चा निर्वाचन आयोगमा दर्ता हुन नसक्ने भएकाले अन्य पार्टीको निर्वाचन चिन्हमार्फत् निर्वाचनमा जाने अध्यक्ष भण्डारीले स्पष्ट पारे । मोर्चाले १५ दिन भित्रमा राष्ट्रिय सम्मेलनको आयोजना गर्ने जनाएको छ ।

## नजिक....

स्वैच्छाचारी, भ्रष्टाचारी भएमा, निहित स्वार्थका लागि आफ्ना अगाडि पछाडि घुमिरहने शक्तिको सल्लाह अनुसार मात्र चलेमा, राजनीतिक पूर्वाग्रह राखेर व्यवहार गरेमा तथा अपराधीलाई राजनीतिक रूपमा संरक्षण दिने आचरण देखाएमा जनप्रतिनिधि बदनाम हुने गर्छन् । स्थानीय जनप्रतिनिधिले स्थानीय सरकारको महत्व र भूमिकालाई राम्रोसँग बुझेर सफल आधारलाई आत्मसात् गर्दै असफलताबाट बचेर नगर तथा गाउँवासीको सेवा गर्नुपर्छ । तलबाट खारिएर विकास भएको असल नेतृत्वले भोलि मुलुकलाई कुशलतापूर्वक नेतृत्व प्रदान गर्दै राजनेताका रूपमा सम्मानित हुने अवसर पनि पाउँछन् । गोरखापत्र

## चाँगन......

फर्किने त ?'

'तपाईं नि सर ?' उनले केही मौनतापछि मलाई नै त्यो प्रश्न फिर्ता गरे । सायद एउटा परदेशीको निम्ति सबैभन्दा गाह्रो प्रश्न यही होला । मसित पनि उत्तर थिएन । 'छिट्टै फर्किनुपर्छ', उनी मुस्कुराए ।

ग्राहक सबै बाहिरिए पनि उनको हात रोकिएन । रेस्टुरेन्टको भोलिको तयारी र आजको समापनका धेरै काम हुने रहेछन् । ग्राहक गए पनि उनीहरूले छोडेर गएका जुठा भाँडाको सगरमाथा उनले आजै फत्ते गर्नु थियो । मैले उनलाई भाँडा माझेर सघाएँ । विगतमा जापानमा विद्यार्थी रहँदा मैले पनि जापानका इजागाया (जापानी रेस्टुरेन्ट) हरूमा काम गरेको छु । तसर्थ भाँडा माझ्ने काममा म पोख्त नै थिएँ । मेरा हात चाँडो चलेको देखेर उनले मलाई जिस्काए । वास्तवमा यो काम मेरा लागि नयाँ थिएन ।

जापानमा परिवारसित बस्ने कुक्को सङ्ख्या धेरै नै छ । रामहरिको अवस्था भने फरक देखियो । उनकी श्रीमती नेपालमै छिन् । अरू कुक पनि परिवारसँगै भए पनि व्यस्तता भने रामहरिको जस्तै हुन्छ । अधिकांश कुक बिहान ८ बजेदेखि राति ११ बजेसम्म काम गर्छन् । थाकेको शरीर लिएर घर पुग्दा केटाकेटी, श्रीमती, सुतिसकेका हुन्छन् । अथवा केटाकेटीलाई कुर्ने पालो दिएर श्रीमती रात्रिकालीन कामका लागि बाहिर निस्कन्छिन् । परिवारसँगै भए पनि परिवारभित्रको संवाद र भेटघाट अत्यन्त पातलो हुन्छ । तर त्यही कम हुने संवादका लागि पनि रामहरिकी श्रीमती भने जापानमा छैनन् ।

'सर, आज तपाईं आएर सारै रमाइलो भयो । कहिलेकाहीं सारै अत्यास पो लाग्छ', उनले भने । त्यो अत्यास मैले अनुमान मात्र लगाउन सक्थें ।

राति ११ बजे रामहरिले रेस्टुरेन्टको सटर बन्द गरे । सटर बन्द गरे पनि भित्रको काम केही बाँकी थियो । अब त ट्रेन बन्द हुने बेला भयो । म घर फर्किन अत्तालिएको थिएँ । आज उनलाई अन्तिमसम्म समय दिने भनेर आएको थिएँ । तसर्थ म उनलाई कुरिरहें । उनले अन्तिममा दुईवटा चिज नान बनाए । छोरीले आउँदा चिज नान लिएर आइदिनु भनेकी रहिछन् ।

'सर, यो तपैंले म्याडमलाई लगिदिनु', उनले मेरो झोलामा एउटा चिज नान पोको बनाएर राखिदिए । सबै काम सकेर बाहिर निस्किँदा ११:३० भयो । हामी चौबाटोबाट छुट्टिएर आफ्नो घरतिर लाग्यौं । मैले उनलाई फर्केर हेरिरहें । उनी नजिकैको पसलमा पसे । म टक्क अडिएँ र एकछिन पर्खिबसें । पसलबाट बाहिर निस्किँदा उनको हातमा बियरको क्यान थियो । त्यसपछि उनी फटाफट हिंडेर अँध्यारोमा विलीन भए । रामहरिले भनेका कुरा सम्झिएँ । अरू दिन उनी कोठामा फर्किँदा छोराछोरी सुतिसकेका हुन्छन् रे । आज शुक्रबार, भोलि बिहान दुवैको बिदा भएकोले बुबालाई पर्खेर बस्छन् रे । आज पनि उनीहरू रामहरिलाई पर्खेर बसेका होलान् । हप्तामा बडो मुस्किलले छोराछोरीसित भेट हुने दिन । 'छोरो खासै कामको कुरा गर्दैन', उनी भन्थे । तर आज अबेरसम्म छोरीले कामका कुरा, स्कुलका कुरा गर्ने दिन । आज रामहरि र छोरी राति अबेरसम्म गुनगुन कुरा गरिरहने दिन । त्यसैले आज रामहरि छोरीलाई मन पर्ने चिज नान लिएर जान विर्सिँदैनन् । मैले आफ्नो गन्तव्यतिर पाइला बढाएँ । टोकियोको आकाशमा मुस्किलले तारा देखिन्छन् । आज पनि धमिलो एउटा तारा मात्र थियो । एकदम एक्लो । अनलाइनखबरबाट

## नेपाल जनजाति महासंघको १०औं महाधिवेशनले थारु समुदायलाई उपेक्षा गरेको भन्दै थारु कल्याणकारिणी सभाद्वारा भर्त्सना

काठमाडौं । थारू कल्याणकारिणी सभाले यही चैत ९ र १० गते नवलपुरको कावासोतीमा सम्पन्न नेपाल आदिवासी जनजाति महासंघको १०औं महाधिवेशनले थारु समुदायलाई उपेक्षा गरेको भन्दै भर्त्सना गरेको छ । आज (आइतबार) रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गर्दै सभाले नेपाल आदिवासी जनजाति महासंघको महाधिवेशनमा महासंघले उठाउँदै आएको समानुपातिक प्रतिनिधित्वको मुद्दालाई बेवास्ता गरेका आरोपसमेत लगाएको छ । महासंघको सदस्य संगठनको दोस्रो जनसंख्या भएको थारु कल्याणकारिणी सभासँग कुनै पनि छलफल नगरेर एकात्मक ढंगले जातिय सामाजिक संस्थालाई राजनीतिक स्वार्थ पूर्तिको लागि राजनीतिक मञ्चको रुपमा प्रयोग गरिएको सभाको आरोप छ ।

'तराईका मुल भूमिपुत्र थारु जातिलाई उपेक्षा गर्दै बहिष्करण तथा अवमूल्यन समेत गरि सम्पन्न गराईएको १०औं महाधिवेशनको कथित निर्वाचनको बहिष्कार गर्दै घोर भर्सना र विरोध गर्दछौं,' थारु कल्याणकारिणी सभाले जारी गरेको प्रेस विज्ञप्तीमा उल्लेख गरिएको छ ।

कार्यक्रममा बोल्दै थारु युवा सभाका अध्यक्ष कनुलाल चौधरीले आदिवासी जनजाति महासंघको नीति, कार्यक्रम र योजना बनाउने सवालमा थारु समुदायलाई पन्छ्याउने काम गरेको भन्दै तत्काल गल्ती सच्याउन माग गरेका छन् । अध्यक्ष चौधरीले आदिवासी जनजाति महासंघको महाधिवेशनमा तराईको ठूलो भूभाग ओगट्ने थारु समुदायलाई बेवास्ता गरिएको आरोप लगाए । साथै, उनले आदिवासी जनजातिका माग र मुद्दालाई एकतावद्ध ढंगले पुरा गर्न महाधिवेशनमा भएका त्रुटि सच्याउन महासंघलाई आग्रहसमेत गरेका छन् । थारु भाषा साहित्य केन्द्रका उपाध्यक्ष बुधासेन चौधरीले आदिवासी जनजातीहरुको अधिकारको लागि आफुहरुले निरन्तर आन्दोलन गर्दै आएको भएपनि अहिले आएर आदिवासी जनजाति महासंघमा एकल जातिले राज्य गर्न खोजेको आरोप लगाए । संविधानमा समानता र समानुपाकिक सिद्धान्तको कुरा गरेको भएपनि आदिवासी जनजाति महासंघको १०औं महाधिवेशनले थारु समुदायलाई निर्णयको तहमा जानबाट वञ्चित गराईएकोमा दुःख व्यक्त गरे । उनले भने,'आदिवासी जनजाति महासंघको यस कदमलाई जति भर्त्सना गरेपनि कम हुन जान्छ ।'

यस्तै, चौधरीले आदिवासी जनजाति महासंघभित्र थारु समुदायलेसमेत बराबरी ठाउँ पाउनुपर्ने बताए । थारु कल्याणकारिणी सभाकी केन्द्रीय सदस्य रुक्मिनी चौधरीले नेपाल आदिवासी जनजाति महासंघ जातिय, सामाजिक वा राजनीति कुन संस्था हो ? भन्दै प्रश्न उठाईन् । यस्तै, उनले नेपाल आदिवासी जनजाति महासंघको ५९ वटा जातजातिको सुचिभित्र दोस्रो स्थानमा पर्ने तराईको मूल आदिवासी धर्तीपुत्र थारुलाई गरिएको विभेदले अन्य समुदायको अवस्था कस्तो छ ? भन्ने स्पष्ट पारेको बताईन् । साथै, उनले नेपाल आदिवासी जनजाति महासंघले राजनीतिकरणको अन्त्य गरेर नआएसम्म थारु कल्याणकारी सभाले महासंघलाई बहिष्कार गर्ने चेतावनीसमेत दिईन् ।

## वरिष्ठ अधिवक्ता श्रेष्ठ र अधिवक्ता घिमिरेद्वारा बार अध्यक्षमा उम्मेद्वारी घोषणा

काठमाडौं । नेपाल बार एशोसिएसनको आगामी चैत्र १९ गते हुने निर्वाचनमा वरिष्ठ अधिवक्ता अमिता लक्ष्मी सैंजु श्रेष्ठ र अधिवक्ता उद्धवचन्द्र घिमिरेले पेशागत स्वतन्त्रतर्फबाट केन्द्रीय अध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरेका छन् । आइतबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै अधिवक्ताद्वय श्रेष्ठ र घिमिरेले अध्यक्ष पदको लागि उम्मेदवारी दिने घोषणा गरेका हुन् । पत्रकार सम्मेलनमा बोल्दै वरिष्ठ अधिवक्ता अमिता लक्ष्मी सैंजु श्रेष्ठले स्वतन्त्र, स्वच्छ र सक्षम न्यायालयको लागि आफ्नो पेशागत स्वतन्त्र तर्फबाट उम्मेदवारी रहेको बताइन् । उनले भनिन्,'स्वतन्त्र र दक्ष बारको लागि मेरो उम्मेदवारी हो । अब न्यायालयलाई बचाउनु पर्छ ।' पछिल्लो समयमा अदालतबाट जनतामा निराश छाइरहेको दाबी गर्दै श्रेष्ठले न्यायालयले राम्रो काम राम्रोसँग गर्न नसकेमा न्यायालय असक्षम ठहरिने टिप्पणी गरिन् । देशमा संविधान कार्यान्वयन नभएकै कारण देशको अवस्था बिग्रदै गएको उनको भनाई थियो । अहिलेको व्यवस्था सुनौलो भएको भन्दै उनले यसको बचाउ गर्न पर्नेमा जोड दिइन् । नेपालको संविधान सबै भन्दा ठुलो हो भन्दै श्रेष्ठले संविधान भन्दा माथि कोही जान नहुने धारण राखिन् । उनले अहिलेको व्यवस्था सबैले ल्याएको भन्दै उनले व्यवस्था ठिक भएपनि त्यसको पुर्ण कार्यान्वयन गर्न नसकेकोमा आपत्ति जनाईन् ।

# अन्तराष्ट्रिय समाचार

## ट्रम्पले हिलारीविरुद्ध मुद्दा हाले

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले हिलारी क्लिन्टनविरुद्ध मुद्दा हालेका छन् । ट्रम्पले २०१६ को राष्ट्रपतीय चुनावी अभियानका बेला हिलारीले षडयन्त्र गरेको भन्दै फ्लोरिडास्थित संघीय अदालतमा मुद्दा हालेका हुन् ।

ट्रम्पले हिलारीसहित अन्य २६ जना व्यक्ति तथा षडयन्त्रमा संलग्न भएको ठानिएका विभिन्न निकायविरुद्ध समेत मुद्दा हालेको अन्तर्राष्ट्रिय समाचार माध्यमले जनाएका छन् । ट्रम्पले अदालतमा हालेको मुद्दामा चुनावी अभियानका क्रममा हिलारी र उनको समूहले आफूलाई रुससँग साँठगाँठ गरेको भनेर गलत आरोप लगाएको उल्लेख समेत छ । उनले क्षतिपूर्तिस्वरुप ७ करोड २० लाख तिर्नुपर्ने माग समेत गरेका छन् । ट्रम्पले एफबीआईका पूर्व निर्देशक जेम्स कोमीसहित अन्य अधिकारी, बेलायतका गुप्तचर क्रिस्टोफर स्टिल तथा उनका सहयोगी र हिलारीको चुनावी अभियानका केही सल्लाहकारविरुद्ध समेत मुद्दा हालेको सीएनएनले जनाएको छ । उनीहरू सबैले नक्कली आरोप लगाएर ट्रम्पको अपमान गर्न खोजेको मुद्दामा उल्लेख छ । सीएनएनबाट

## रुस र युक्रेनबीच पहिलो पटक युद्धबन्दी साटासाट

रुस र युक्रेनले युद्ध सुरु भएयता पहिलो पटक आपसमा युद्ध बन्दीहरू साटासाट गरेका छन् । दुबै मुलुकले गत महिना रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा हमला गर्ने आदेश दिएयता पहिलो पटक युद्धमा बन्दी बनाइएका व्यक्ति साटासाट गरेका हुन् । 'राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको आदेशलगत्तै पहिलो पटक पूर्ण रुपमा युद्ध बन्दीहरू साटासाट भएको छ', युक्रेनकी उप-प्रधानमन्त्री इरिना भेरेश्चुकले फेसबुकमा लेखेकी छिन् ।

भेरेश्चुकका अनुसार १० जना रुसी सैनिक दिएर युक्रेनका १० जना सैनिकको उद्दार गरिएको छ । त्यस्तै, रुसको कब्जामा रहेका गैर-सैनिक युक्रेनी पानीजहाजका १९ जना सदस्यको सट्टामा गैर-सैनिक रुसी पानी जहाजका ११ जना सदस्य प्रदान गरिएको पनि उनको भनाइ छ ।

भेरेश्चुकले बिहीबार अबेर एक भिडियो सन्देशमार्फत् रुसले १४ जना युक्रेनी अधिकारीलाई बन्दी बनाएको बताएकी थिइन् । उनले बन्दी बनाइएका अधिकारीहरूमध्ये अधिकांश स्थानीय राजनीतिज्ञ रहेको भन्दै उनीहरूलाई रिहाइ गर्न माग गरेकी थिइन । सर्वसाधारणलाई बन्धक बनाउनु अन्तर्राष्ट्रिय कानुनविपरीत हुने पनि उनको भनाइ थियो ।

रुसका मानवअधिकारसम्बन्धी सम्पर्क व्यक्ति तातियाना मोस्कालकोभाले समेत युद्ध बन्दी आदान-प्रदान भएको पुष्टि गरेकी छन् । उनका अनुसार ९ जना रुसी बन्दी छुटाउनका लागि मेलिटोपोलका मेयरलाई मुक्त गरिएको छ ।

रुसले पुटिनको आदेशलगत्तै एक महिनाअघि युक्रेनमा विशेष सैन्य कारबाही सुरु गरेको थियो । त्यसयता हजारौं मानिसको ज्यान गइसकेको छ भने युक्रेनका लाखौं मानिस शरणार्थी बन्न पुगेका छन् । एजेन्सीको सहयोगमा

## उत्तर प्रदेशमा ५२ सदस्यीय जम्बो मन्त्रिपरिषद् गठन

भारत उत्तर प्रदेश -यूपी)का मुख्यमन्त्री योगी आदित्यनाथले मुख्यमन्त्री पदको शपथ लिएका छन् । राजधानी लखनउको इकाना स्टेडियममा आयोजित विशेष समारोहमा आदित्यनाथलाई प्रदेश प्रमुख आनन्दीबेन पटेलले पद तथा गोपनीयताको शपथ खुवाएकी हुन् ।

भाजपाका नेता योगी आदित्यनाथ उत्तर प्रदेशमा लगातार दोस्रो कार्यकाल मुख्यमन्त्री बनेका हुन् ।

योगी आदित्यनाथ नेतृत्वको ५२ सदस्यीय जम्बो मन्त्रिपरिषदमा २ उपमुख्यमन्त्री र १६ जना मन्त्री छन् । केशव प्रसाद मौर्य र ब्रजेश पाठक उपमुख्यमन्त्री छन् । मौर्यले यसपटकको विधानसभा निर्वाचन जितेका थिएनन् । हारका बाबजुद पनि उनलाई उपमुख्यमन्त्री बनाइएको छ । उनी अघिल्लो सरकारमा पनि उपमुख्यमन्त्री थिए । योगी आदित्यनाथको मन्त्रिपरिषदमा ओबीसी समाजलाई विशेष ध्यानमा राख्दै दलित, ब्राह्मण, राजपुत, बनिया, भूमिहार, कायस्थ, शिख र मुस्लिम समुदायका नेताहरुलाई पनि स्थान दिइएको छ । लखनउका वरिष्ठ पत्रकार हेमन्त तिवारीका अनुसार मन्त्रिपरिषदमा करिब २० जना ओबीसी, ९ दलित, ७ ब्राह्मण, ६ राजपुत, ४ वैश्य, २ भूमिहार समुदायका छन् । यसैगरी कायस्थ, शिख र मुस्लिम समुदायका एक-एक जना समेटिएका छन् ।

को को परेनन् ?

अघिल्लो सरकारमा उपमुख्यमन्त्री रहेका दिनेश शर्माले यसपटक मन्त्रिपरिषदमा स्थान पाएनन् । यसैगरी पहिले ऊर्जामन्त्री सम्हालेका श्रीकान्त शर्मा पनि यसपटक मन्त्री बन्न पाएनन् । अघिल्लो सरकारमा रहेका एकमात्र मुसलमान मन्त्री रहेका मोहसिन रजा पनि यसपटक क्याबिनेटमा परेनन् । अघिल्लो पटकका चर्चित मन्त्री सतीश महाना र स्वाती सिंह पनि यसपटक मन्त्री बन्न पाएनन् । तर स्वातीका श्रीमान दयाशंकरलाई यसपटक मन्त्री बनाइएको छ ।

## मेक्सिकोमा गोली हानेर २० जनाको हत्या

मध्यमेक्सिकोमा गोली हानेर २० जनाको हत्या भएको छ । आइतबार स्थानीय समय अनुसार बिहान साढे १० बजेतिर मिचोआकन राज्यको लास टिनाजस शहरमा आयोजित एक उत्सवमा सहभागीहरुमाथि गोली चल्दा २० जनाको मृत्यु भएको हो ।

घटनास्थलबाट १६ पुरुष र ३ महिला गरी १९ जनाको शव संकलन गरिएको थियो । एकजनाको भने अस्पतालमा उपचारको क्रममा मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन् । अस्पतालमा ६ जनाको उपचार जारी रहेको सीबीएस न्यूजले जनाएको छ ।

मिचोआकनको सार्वजनिक सुरक्षा सचिवको कार्यालयले हत्याको कारण नखुलेको र अनुसन्धान जारी रहेको जनाएको छ ।

मिचोआकन र त्यसको छिमेकी गुआनाजुआतो मेक्सिकोको सबैभन्दा बढी हिंसा हुने क्षेत्रको रुपमा चिनिन्छन् । लागू औषध कारोबार र अन्य अवैध गतिविधिका कारण विभिन्न समूहबीच झडप हुने गर्दछ । गत महिनामात्रै मिचोआकनमा भएको एक आक्रमणमा १७ जनाको मृत्यु भएको थियो ।

मिचोआकान विश्वमा सबैभन्दा बढी एभोकाडो उत्पादन हुने क्षेत्रको रुपमा पनि चिनिन्छ । गत महिना त्यहाँ कार्यरत एक जना अमेरिकी निरीक्षकमाथि सुरक्षा खतरा आएको भन्दै अमेरिकाले एभोकाडो निर्यातमा रोक लगाएको थियो ।

# पुस्तक अंश : ह्याप्पी गुड फ्राइडे, रामहरि

**डा. विजय ज्ञवाली**

टोकियोमा सधैं हिउँ पर्दैन तर यो वर्ष फेब्रुअरी महिनामा पनि हिउँ पऱ्यो । टोकियोको तोशिमा कुमा पर्ने रामहरिको रेस्टुरेन्टमा म बिहानै पुग्दा उनी रेस्टुरेन्ट अगाडि जम्मा भएको हिउँ सफा गर्दै थिए । मलाई देख्नेबित्तिकै उनले आफ्नो बागलुङे लवजमा भने, "यो हिउँ पर्दा त रमाइलो, परिसकेपछि भने सारै गाह्रो हुनेरहेछ है । एकछिन भित्र बस्दै गर्नुस् है ।" म बिहान ८ बजे उनीसँग कुरा गर्न उनको काम गर्ने रेस्टुरेन्ट पुगेको थिएँ । रेस्टुरेन्ट खोल्ने समय पनि बिहान ११ बजेबाट थियो । त्यसअघि उनी एक्लै रेस्टुरेन्ट खोल्ने विभिन्न तयारी गर्ने गर्थे । संयोग नै मान्नुपर्छ, रेस्टुरेन्टभित्र छिर्दा टिभीमा गायक सूर्य खड्काको गीत बजिरहेको थियो । गायक खड्का जापानमा रहेर कला क्षेत्रमा सक्रिय व्यक्ति हुन् ।

सूर्य खड्का पनि जापानमा रेस्टुरेन्ट व्यवसाय गर्छन् । खाली समयमा उनी गायन क्षेत्रमा सक्रिय छन् । विशेषगरी लोकगीत गाउने सूर्यका गीतहरूमा प्रदेशीको कथा-व्यथा बढी पाइन्छ । अत्यन्त सुरिलो स्वर भएका सूर्य यहाँ रुचाइएका नेपाली गायकमध्ये पर्दछन् । रामहरि बाहिर सरसफाइमा व्यस्त भए । म त्यही गीत सुन्न थालें ।

वास्तवमा यसरी धार्मिक संस्थाका प्रचारकहरूको सङ्गत गर्नुको कारण उनको अर्कै रहेछ । पहिलो कारण- रेस्टुरेन्टमा एक्लै हुँदा उनलाई सधैं दिक्क लाग्ने रहेछ । लन्चको समयभन्दा अरू समयमा अधिकांश पसल खाली हुँदा उनलाई त्यहाँ त्यस्ता धर्मप्रचारक आइरहे हुनेजस्तो लाग्ने रहेछ ।

"आकी रहिछौ टोकियो सहरमा
वर्षौं बिते भेट्ने रहरमा"

रामहरि अहिले ४४ वर्षका भए । ३४ वर्षको उमेरमा जापानमा कुकको रूपमा भित्रिएका थिए उनी । अहिले उनी आफ्ना एक छोरा र छोरीको साथमा बस्छन् । श्रीमती भने कहिलेकाहीं मात्रै जापान आउने गर्छिन् । श्रीमती जापान हुँदा सधैं बिरामी हुने गरेकाले जापानमा बस्न रुचाउँदिनन् । आफ्नै गाउँमा गाईभैंसी पालेर बस्न मन पर्छ रे । त्यसैले उनी नेपालमै छिन् ।

रामहरिले श्रीमतीलाई यहाँ ल्याएर राख्ने प्रयास नगरेका होइनन्, तर जापानमा हुनेबित्तिकै उनको स्वास्थ्यस्थिति बिग्रिने गरेको छ । जापानका धेरै अस्पतालमा उपचार गर्ने प्रयास पनि गरे तर डाक्टरका अनुसार उनको शरीरमा कुनै शारीरिक समस्या छैन । उनलाई कुनै प्रकारको मनोवैज्ञानिक समस्या हुनसक्छ तसर्थ आफ्नै भाषामा अस्पताल देखाउन राम्रो हुने हो कि भनेर सुझाव पनि दिएछन् । त्यसपछि रामहरिले सधैं अस्वस्थ श्रीमती हेर्नुभन्दा नेपालमा बस्न दिनु नै राम्रो हुने हो कि भनेर जापान आउन कर गर्न छाडे ।

उनका १८ वर्षका छोरा र १६ वर्षकी छोरी जापानमा उनीसँगै बस्छन् । छोराछोरीको मायाले आमा कहिलेकाहीं जापान आएर फर्किने गरेकी छिन् । मैले रामहरिकी श्रीमती जस्ता अरू पनि केही व्यक्तिहरू भेटेको छु । जापानको रहनसहन, यहाँको जीवनशैलीसँग सबैजना समाहित हुनसक्छन् भन्ने हुँदैन । यहाँको सांस्कृतिक पक्ष, भाषा र काम गर्ने शैलीमा आफूलाई ढाल्न नसक्दा एक प्रकारको मनोवैज्ञानिक समस्यामा पर्ने गरेका धेरै व्यक्ति छन् । मलाई रामहरिकी श्रीमतीको कुरा सुन्दा त्यस्तै महसुस भयो ।

रामहरिको भाषामा जापान श्रीमतीका लागि शुभ छैन । उनका अनुसार प्रत्येक व्यक्तिमा शुभ र अशुभ भन्ने हुन्छ रे । उनको कुरालाई मैले मेरो विषयसित जोड्ने प्रयास गरें । हामी मनोविज्ञानमा वास्तवमा यसलाई मानसिक लचकता भन्छौं । व्यक्तिमा उसको भाषा, संस्कृति, समाज, धर्म जस्ता यावत् कुराले मानसिक लचकताको विकास हुन्छ । मानसिक लचकताले उसलाई असहज परिस्थितिमा पनि सहज बनाउन सहयोग गर्छ । तर कतिपय व्यक्तिका लागि वास्तवमा नयाँ ठाउँ, नयाँ परिवेशमा समाहित हुने कुरा अत्यन्त जटिल रहन्छ । सायद उनीहरूमा त्यो मानसिक लचकता अनुकूल हुँदैन । रामहरिकी श्रीमतीलाई पनि त्यस्तै भएको हुनुपर्छ । उनी नेपालमा रहँदा पूर्णरूपमा स्वस्थ हुन्छिन् रे । सायद उनलाई पनि जापानमा रहँदा यस्तै केही उकुसमुकुस भएको हुनुपर्छ । आखिर नेपालको वनपाखामा रमाउने मन यो कङ्क्रिटको जङ्गलमा रमाउन गाह्रो पो हुन्छ ।

केही समय हिउँ सफा गरिसकेपछि उनी पसलभित्र पसे । लगभग १५ जना अट्ने उक्त रेस्टुरेन्टमा उनी विगत चार वर्षदेखि कार्यरत छन् । खासै व्यापार राम्रो नभएकोले पनि होला लगभग लन्चको समयबाहेक उनी एक्लैले रेस्टुरेन्ट गर्दै आएका छन् । जापान आएको १० वर्ष भएकोले पनि उनलाई भाषामा ठूलो समस्या छैन । प्रत्येक हप्ता एक दिन बिदा बस्न सोमबार बन्द गर्ने गरेको उनले बताए ।

उनी भित्र पसेर तन्दूरमा कोइला राखेर बाले । तन्दूरको भित्री भित्तामा टाँसिएर नान पकाउने हुँदा ग्राहक आउनुपूर्व नै तन्दूर तताउने गर्नुपर्ने रहेछ । साँघुरा, बाहिरी प्रकाश राम्ररी नछिर्ने र हावाको पास पनि नहुने किचेन मैले देखेका जापानका इन्डियन नेपाली रेस्टुरेन्टका विशेषता हुन् । यो किचेन पनि अत्यन्तै साँघुरो थियो ।

किचेनमा दुईमुखे स्टोभ थियो अनि कुनामा तन्दूर राखिएको थियो । एकछिनमा तन्दूरको कोइला बल्न थाल्यो । उनी त्यसलाई घरी छोपेर घरी कोइला चलाएर तन्दूरको राप मिलाउन थाले । यो किचेन जनस्वास्थ्यको हिसाबले त खत्तम नै थियो । मैले त्यो कुरा गरूँ कि भन्ने सोचें तर उनको व्यस्ततालाई अल्मल्याउने काम हुन्छ जस्तो लाग्यो । उनले गरेको मैले एकतमासले हेरिरहें ।

"अनि सरको तलब कति छ त ?"

मेरो प्रश्नमा उनी फिस्स हाँसे । मैले दोहोऱ्याएर पुनः प्रश्न सोधिनँ । उनी एकोहोरो काम गरिरहे । मैले आज दिनभरि उनीसँग बिताउने गरी समय मिलाएको थिएँ । विशेषगरी जापानमा रहेका नेपालीको कुकको एकदिन कसरी बित्ने गर्छ भन्ने प्रसङ्गमा मैले उनलाई भेट्न चाहेको थिएँ । सुरुमा मेरो आग्रहमा उनी आनाकानी गर्दै थिए । तर पछि माने ।

उनको काममा कुनै अवरोध नगरिकन आज दिनभरि मैले उनैसँग बिताउनुपर्नेछ । तसर्थ धेरै प्रश्न सोध्नु मैले निको मानिनँ । मैले जापानमा भेटेका कुकहरूको सरदर कमाइ ७० हजारदेखि एक लाख तीस हजारसम्म देखेको छु । राम्रो कम्पनीमा काम गर्नेहरूले साढे २ लाखसम्म कमाएको पनि नदेखिएको होइन । तर राम्रो तलबमा काम गर्ने कुकको सङ्ख्या वास्तवमै कम छ । सायद उनले करी तताउन थालेकोले होला, एकछिनमै रेस्टुरेन्ट मसलाको सुगन्धले सुगन्धित भयो ।

"काम सुरु गर्दा एक लाख दिएका थिए । अहिले एक्लैले गर्न थालेपछि एक लाख ३० हजारसम्म दिएका छन्", उनले मौनता तोडे ।

"अनि तलबबाट खुसी हुनुहुन्छ त ?"

"तलबबाट खुसी हुने त को होला र सर ?" उनले त उल्टै प्रश्न पो सोधिदिए । त्यसपछि मौन हुने पालो मेरो आयो । तलब र खुसी त फरक कुरा पो हुन् । टेलिभिजनमा गीत परिवर्तन भइसकेको थियोः

"बाग्लुङ बजार टाउका मायालु
जीवन काट्ने तिम्ले र मैले हो
छोड्देऊ कुरा गाउँका मायालु !"

कुराकानीकै क्रममा उनले टेबुल सफा गर्ने, मेनु मिलाएर राख्ने, रेस्टुरेन्टको भुइँ सफा गर्ने कामसम्म सके । जापान आउनुपूर्व उनले भारतमा काम गरेका रहेछन् । भारतमा पनि कुककै काम भए पनि ठूल्ठूला पार्टी र क्याटरिङहरूमा काम गर्ने रहेछन् ।

आफन्तले जापान बोलाएपछि उनी जापान आएका रहेछन् । जापानमा उनलाई राम्रो लागेको चाहिं छोराछोरी सँगै छन् भन्ने कुरा रहेछ । भारतमा काम गर्ने समयमा परिवारसँग अलग्गै बस्नुपर्ने अवस्थाका कारण उनी धेरै चिन्तित बनेका रहेछन् । जापानमा कुकहरूलाई परिवारसँगै बस्न पाउने व्यवस्थाप्रति उनी अत्यन्त कृतज्ञ देखिए । उनको छोराले यहींबाट उच्च माध्यमिक विद्यालयको अध्ययन सकेर केही समय एउटा टेक्निकल स्कुलमा भर्ना भएपछि पढाइ छाडेका रहेछन् । अहिले अधिकांश समय काम गर्ने गर्दैछन् ।

'केटाकेटीलाई पैसा कमाउने लत परेपछि पढाइ भनेको त्यस्तै हुनेरहेछ सर', छोराले बीचमै पढाइ छोडेकोमा उनी खुसी रहेनछन् ।

कुकको कमाइ कम भएकोले 'तँ पढ्' मात्र भन्न पनि नसक्ने रहेछन् । कुकले एक जनाले मात्रै काम गरेर परिवार नै पाल्न त गाह्रो पो छ । छोरी अहिले यहाँको रात्रिकालीन स्कुलमा पढ्ने गर्छिन् । आफ्नो खर्च आफैंले व्यवस्था गर्न केही समय काम पनि गर्ने रहिछिन् । उनलाई छोरीले पढाइ राम्रो गर्छिन् कि भन्ने आशा रहेछ । अहिले यही पसल नजिकै दुईवटा कोठा लिएर उनको तीन जनाको परिवार बस्दै गरेका रहेछन् ।

हाम्रो कुराकानी चलिरहेको थियो । त्योसँगै उनको हात पनि चलिरहेको थियो । दिउँसोको ११ बजेतिर उनका साथी पनि आइपुगे । दिउँसोको समयमा केही समय अत्यन्त व्यस्त हुने हुँदा उनी दिनको समयमा ११ बजेदेखि दुई बजेसम्म सहयोग गर्न आउने रहेछन् । त्यसपछिको समय भने त्यही रेस्टुरेन्ट साहुको अर्को रेस्टुरेन्टमा काम गर्ने रहेछन् ।

११ बजेबाट रेस्टुरेन्ट सुरु भयो । बिस्तारै ग्राहकहरू भरिए । उनको साथी किचनभित्र काम गर्ने रहेछ । रामहरि भने बाहिर-भित्र दुवै भ्याउने गरी काम गरिरहेका थिए । १२ बजे अफिस समय भएर पनि होला, एकैछिनमा रेस्टुरेन्ट भरियो । त्यहाँ बसेर ठाउँ ओगट्नुभन्दा बाहिर निस्कनु ठीक लागेर म पनि एकछिन निस्किएँ ।

२०२१ सम्ममा यस प्रान्तको अनुमानित जनसङ्ख्या एक करोड ४० लाख छ । अझ टोकियोसँग जोडिएका अन्य ६ नगर क्षेत्र छोडेर यसलाई बृहत् कान्तो क्षेत्र भन्ने गरिन्छ । जुन विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको महानगरीय क्षेत्र हो । जहाँ झन्डै ३ करोड ७५ लाख मान्छे बस्ने गर्छन् ।

यसबाहेक पनि काम गर्नका लागि दिउँसो मात्र आसपासको क्षेत्रबाट टोकियो आउनेको सङ्ख्या पनि उल्लेखनीय रहेको छ । प्रतिघण्टा ३२० किलोमिटर गुड्ने शिन्कान्सेन ट्रेन (बुलेट ट्रेन) ले टोकियोलाई सजिलै अन्य सहरसित जोडेको छ । यही ट्रेन चढेर प्रत्येक दिन कोसौं दूरबाट टोकियो काम गर्न आउने मिहिनेती जापानीको सङ्ख्या पनि उल्लेखनीय छ । त्यसैले पनि यो सहर विश्वकै जनघनत्व बढी भएको सहरमा पर्छ ।

यो व्यस्त सहर २४ घण्टा नै जागेको हुन्छ । यो व्यस्तताको बीच दिउँसो १२ बजे यहाँका अधिकांश अफिसमा लन्चको समय हुन्छ । सो समयमा यहाँका अधिकांश रेस्टुरेन्टमा भीडभाड हुने गर्छ । रामहरिको रेस्टुरेन्टमा पनि १२ बजेदेखि एक बजेसम्मको बीचमा लगभग २०-२५ जना ग्राहकले खाने रहेछन् । म एक बजे पुनः फर्किंदा अझै केही ग्राहक बाँकी थिए । दुई बजेतिर भने रेस्टुरेन्टमा एकजना मात्रै जापानी बाँकी रहे । उनी रामहरिकै साथी रहेछन्, कुराकानीले मलाई त्यस्तै लाग्यो । ती जापानीले नेपालीमै मलाई अभिवादन गरे ।

एकछिन किचेनमा काम गर्ने साथी र ती जापानी साथी बाहिर निस्किए । त्यसपछि पो मैले थाहा पाएँ- जापानी साथी त धर्म प्रचारक परेछन् !

जापानमा विशेषगरी आप्रवासी लक्षित गरेर धर्म प्रचार गर्ने विभिन्न धार्मिक समूह सक्रिय छन् । नेपाली लक्षित गरेर धर्म प्रचार गर्ने कतिपय प्रचारकहरूले नेपाली भाषा बोलेर धर्म प्रचार गर्ने पनि गर्छन् । धर्म प्रचारकै लागि उनीहरूले गरेको मिहिनेत हेर्दा अचम्म लाग्छ । रामहरिको पनि यस्ता केही धर्म प्रचारकहरूसँग सङ्गत रहेछ । अहिले भने उनको रेस्टुरेन्टमा आएका ती जापानिज धर्म प्रचारक नाम्योहोरेंन भन्ने संस्थामा आबद्ध रहेछन् । आज रामहरिका साथी त्यही संस्थामा प्रार्थना गर्न सँगै जाने कार्यक्रम रहेछ ।

यसरी विभिन्न धर्मका धर्मप्रचारक उनको रेस्टुरेन्टमा आए पनि उनले आफूले भने भित्तामा कृष्ण भगवानको तस्वीर टाँसेका थिए । मैले जिस्क्याउँदै भनें, 'तपाईं त कृष्ण भगवानको फ्यान जस्तो लाग्यो नि ?'

'सर, म फ्यान त कृष्ण भगवानको भए पनि जीवनचाहिं राम भगवानसित मिल्छ है ! यो वनबास १२ वर्षभन्दा लामो नै जान्छ होला ।'

हामी दुवै हाँस्यौं । तर हाँसो साह्रै खुसीको थिएन । विदेशी भूमिमा रहनुको पीडा कुनै शब्दले व्यक्त गर्न सकिंदैन । स्वदेश सम्झिंदा मात्रै पनि मन अर्कै हुन्छ । साँच्ची नै यो विशाल सहर कहिलेकाहीं हामी विदेशीका लागि त वनबासजस्तै पो हुन्छ । न आमा-बा, न चाडपर्व, न भाषा, न भेष ! कहालीलाग्दो वनबास जस्तै ।

वास्तवमा यसरी धार्मिक संस्थाका प्रचारकहरूको सङ्गत गर्नुको कारण उनको अर्कै रहेछ । पहिलो कारण- रेस्टुरेन्टमा एक्लै हुँदा उनलाई सधैं दिक्क लाग्ने रहेछ । लन्चको समयभन्दा अरू समयमा अधिकांश पसल खाली हुँदा उनलाई त्यहाँ त्यस्ता धर्मप्रचारक आइरहे हुनेजस्तो लाग्ने रहेछ । उनीहरूसँग यसो मन भुलाउन पनि पाइने र जापानिज भाषाको पनि अध्ययन हुने हुँदा उनी त्यस्ता धर्म प्रचारकहरूसँग मित्रवत् व्यवहार गर्ने रहेछन् । यस्तै क्रममा केही उनका साथी पनि बनेका रहेछन् ।

अर्को कारण भनेको रेस्टुरेन्टमा आउने विभिन्न जापानी भाषाका सूचनाहरू रामहरि पढ्न नसक्ने रहेछन् । उनका ती धर्म प्रचारक साथीहरूले त्यस्ता प्रकारका सूचनाहरू उनलाई पढेर सुनाउने र बुझाउने रहेछन् । आफ्ना साथीहरूबाट यति फाइदा लिएबापत रामहरिले कहिलेकाहीं अरू नेपालीहरूलाई उनीहरूको साथ लगाएर उनीहरूले भनेको ठाउँमा प्रार्थना गर्न पठाइदिने रहेछन् । यसैक्रममा आजको पालो उनको आफ्नै साथीको रहेछ ।

सम्भवतः यसरी नयाँ मान्छेलाई प्रार्थनामा लैजाँदा धर्म प्रचारकहरूलाई पनि केही फाइदा हुँदो हो । म र रामहरि यसबारेमा अनभिज्ञ छौं ।

यसरी रामहरिले आफूलाई कहिले नाम्योहोरेंन, कहिले क्रिश्चियन त कहिले ह्याप्पी साइन्स नाम गरेका संस्थाको सहयोगीमा रूपान्तरण गरेका रहेछन् । मैले फेरि उनले भित्तामा टाँसेको कृष्ण भगवानलाई हेरें । रमाइलो लाग्यो । साँच्चै कृष्ण भगवान यो सबै देखेर के सोच्दा हुन् ?

रामहरिको रेस्टुरेन्ट दिउँसो तीन बजेदेखि पाँच बजेसम्म बन्द हुने रहेछ । यो समयमा उनले रेस्टुरेन्टमा खाना खाने र आराम गर्ने गर्दा रहेछन् । छोराछोरी काममा नभएको बखतमा भने कहिलेकाहीं कोठामा पनि जाने रहेछन् । तर त्यस्तो मौका विरलै मिल्दो रहेछ ।

'छोरो खासै कामको कुरा गर्दैन', उनी भन्थे । तर आज अबेरसम्म छोरीले कामका कुरा, स्कुलका कुरा गर्ने दिन । आज रामहरि र छोरी राति अबेरसम्म गुनगुन कुरा गरिरहने दिन । त्यसैले आज रामहरि छोरीलाई मन पर्ने चिज नान लिएर जान बिर्सिंदैनन् ।

रामहरि र मैले सँगै खाना खायौं । खाना खाइसकेपछि म एकछिन सुत्छु है भनेर उनले त्यही रेस्टुरेन्टकै कुर्सीहरू जोडेर सुत्ने ठाउँ बनाए । र, आराम गर्न थाले । बिहान आठ बजेदेखि लगातार चलिरहेको उनको शरीर पक्कै पनि थाकेको हुनुपर्छ । म पनि त्यो समय त्यही रेस्टुरेन्टमै सुस्ताएँ ।

पाँच बज्नुअघि नै उठेर रामहरि एकछिन साइकल लिएर बाहिर निस्किए । एकैछिनमा फर्केर आउँदा उनी हातभरि सामानका पोका लिएर आए । रेस्टुरेन्टभित्रको किनमेल पनि उनी आफैं गर्ने रहेछन् । पाँच बजेदेखि पुनः रेस्टुरेन्ट सुरुवात भयो । सामान्य ग्राहकहरू पनि आए । धेरै व्यस्त नहुने हुँदा उनले भित्र-बाहिर आफैं गर्ने रहेछन् । केही महिनाअघिसम्म अर्को कुक पनि थियो रे । व्यापार राम्रो नभएपछि साहुजीले तपाईं आफैं हेर्नुस् भनेर सम्पूर्ण जिम्मा दिएछन् ।

'यस्तै हो भने केही महिनामा त रेस्टुरेन्ट बन्द होला जस्तो छ', उनले चिन्ता व्यक्त गरे । मैले टोकियोमा धेरै नेपाली रेस्टुरेन्टमा साँझपख गएर खाएको छु । वास्तवमै तुलनात्मक रूपमा अलि नचल्ने नै रहेछ । नत्र एक्लैले भ्याउने त असम्भव हुन्छ । यहाँ उनी एक्लैलाई चाहिं अलि भ्याई-नभ्याई हुने रहेछ ।

उनले मसित कुरा गर्ने मौका खोजिरहे । तर उनको व्यस्तताले गर्दा त्यो सम्भव भएन । साँझ नौ बजेपछि अलि रेस्टुरेन्ट खाली हुन थाल्यो । यस्तो नचल्ने रेस्टुरेन्ट राखिरहनुमा साहुजीहरूको केही फरक उद्देश्य रहने रहेछ । रामहरिको साहुजीको अरू ठाउँमा जापानिज रेस्टुरेन्ट (इजागाया) रहेछ । उनको प्रमुख आम्दानी भनेको तिनै इजगायाहरू रहेछन् ।


जापानिज रेस्टुरेन्ट भए पनि त्यहाँ काम गर्नेचाहिं सबै नेपाली नै हुने रहेछन् । जापानी कुक राख्नका लागि श्रम महँगो पर्ने हुँदा उनको रोजाइमा नेपाली कुक पर्नु स्वाभाविक पनि हो । तसर्थ उनीहरूले सस्तो श्रममा काम गराउन नेपाली कुक राख्ने गर्छन् ।

तर रामहरि जस्ता नेपालीको कुकलाई इन्डियन नेपाली रेस्टुरेन्टबाहेक अरू रेस्टुरेन्टका काम गर्न कानुनी रूपमा बन्देज छ । उनीहरूले प्राप्त गर्ने यो भिसा नै त्यस्तो प्रकारको हुन्छ । तसर्थ इजागायामा काम गर्ने नेपाली कुकको त्यहाँबाट भिसा निस्किंदैन । तसर्थ बाठा साहुहरूले त्यहाँ काम गर्ने कुकहरूको भिसा प्रयोजनका लागि पनि एउटा नेपाली-भारतीय रेस्टुरेन्ट बचाइराख्ने रहेछन् । नत्र यति सस्तो श्रम १०-१२ घण्टा काम गरिदिने कुक जापानमा कहाँ पाउनु र ?

रामहरि जस्ता हजारौं कुक यसरी सस्तोमा श्रम गर्न विवश हुने अवस्था देखेर मेरो मन कुँडियो । कानुनतः त्यसरी एक ठाउँबाट भिसा निकाली अर्को ठाउँमा काम गराउनु अपराध ठहर्ने रहेछ ।

त्यस्तो केही घटनामा यहाँको इमिग्रेसनले भिसा नै अस्वीकृत गरेका केही घटना पनि सार्वजनिक भएका छन् । तर पनि टोकियोको यो विशाल श्रम बजारमा अझै पनि धेरै नेपाली कुक त्यसरी श्रम बेच्न बाध्य छन् । केहीले भने अलि बढी पैसा कमाउने भनेर आफैंले गैरकानुनी बाटो प्रयोग गरेर इजागाया रोज्ने पनि रहेछन् ।

'अनि रामहरिजी, नेपाल कहिले



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# नेपालमा नयाँ गाडी फोर्स गुर्खा सार्वजनिक हुँदै

काठमाडौं । फोर्स मोटर्स नेपालले आफ्नो नयाँ गाडी फोर्स गुर्खा नेपाली बजारमा शुक्रबारदेखि बिक्री वितरण सुरु गर्ने भएको छ।

उक्त नयाँ गाडी नेपालका सडकका लागि उपयुक्त हुने आयाम इन्टरकन्टिनेन्टल प्रालिका अध्यक्ष ध्रुव थापाको दाबी छ। नेपालका लागि आयाम इन्टरकन्टिनेन्टल फोर्स मोटर्स गाडीको आधिकारिक बिक्रेता हो।




'ग्राउण्ड–अप मोडुलर आर्टिटेक्चर प्लेटफर्म' मा निर्मित यस गाडीको आकृतिले अघिल्लो पुस्ताको प्रसिद्ध जी–वागनलाई प्रतिबिम्वित गर्छ।

लामो र चौडा बनोट भएको गुर्खाको क्याबिन अत्यन्त फराकिलो र आरामदायी छ। यसमा चारै जना यात्रुको लागि क्याप्टेन सिट लगायत सर्वोत्कृष्ट लेगरुम, हेडरुम, एल्बोरुम एवं ५०० लिटरको बुट स्पेसको व्यवस्था छ।

मर्सिडिज निर्मित २६०० सीसी इन्जिन जडित गुर्खा आफ्नो श्रेणीमा (सेग्मेन्ट) एक मात्र यस्तो गाडी हो जुन विना कुनै समस्या तीन अंकको गतिमा हाइवेमा

दौडिन, ३५ डिग्रीको उकालो चढ्न र ७०० मिलिमिटर गहिरो पानीलाई छिचोल्न सक्छ। त्यस्तै यसमा रहेको एअर इन्टेक स्नोर्कल र चारैवटा पाङ्गामा भएको लक पनि अन्य भन्दा विशेष प्रकारको रहेको कम्पनीको भनाइ छ।

अटो मिडियाले यो गाडीको टेस्ट ड्राइभ सम्बन्धी गरेको कभरेजमा गुर्खाको डिजाइन, इस्टाइल र स्पेस अरु भन्दा उकृष्ठ भएको जनाएका थिए।

कम्पनीका अनुसार पाँचवटा विभिन्न आकर्षक रंगहरुमा उपलब्ध गुर्खाको वारेन्टी ३ लाख किमि वा ३ वर्ष रहेको छ।

# नेपाली बजारमा भित्रिंदै सुजुकी एभेनीस स्कुटर

काठमाडौं। नेपालका लागि सुजुकी मोटरसाइकल तथा स्कुटरको आधिकारिक वितरक भीजी अटोमोबाइल्सले नेपाली बजारमा १२५ सीसी इन्जिन क्षमताको नयाँ स्कुटर एभेनिस सार्वजनिक गर्ने तयारी गरिएको छ।

अबको केही दिनभित्रै सो स्कुटर नेपाली बजारमा उपलब्ध गराउने तयारी भइरहेको कम्पनीले जनाएको छ। प्रिमियम सेगमेन्टका स्कुटर खोज्ने उपभोक्ताको संख्या बढ्दै गएपछि कम्पनीले नयाँ मोडलको स्कुटर नेपाल भित्र्याउन लागेको हो।

भारतीय बजारमा केही महिनाअघि मात्रै यो स्कुटर सार्वजनिक गरिएको थियो। भारतमा सुजुकी एभेनिसले आफ्नो सेगमेन्टमा अविश्वसनीय उपलब्धि हासिल गरिरहेको कम्पनीको भनाइ छ। नेपाली बजारमा समेत यही सेगमेन्टका स्कुटर धेरैको रोजाइमा पर्ने विश्वास कम्पनीले गरेको छ।




# नेपालमा प्रोटोन एक्स ५० सार्वजनिक

काठमाडौं। नेपालका लागि प्रोटोनको गाडीको अधिकारिक वितरक जगदम्बा मोटर्सले नेपाली बजारमा प्रोटोन एक्स ५० सार्वजनिक गरेको छ। अघिल्लो वर्ष नेपाली बजारमा भित्रेको प्रोटोन एक्स ७० को सफलता पछि मलेसियन कार निर्माता कम्पनीले प्रोटोन एक्स ५० सार्वजनिक गरेको हो। जगदम्बा मोटर्सले बिहीबार गैरीधारास्तिथ शोरुमबाट सो गाडी सार्वजनिक गरेको हो। प्रोटोन एक्स ५० पछिल्लो समयमा अरु विभिन्न देशमा ख्याती प्राप्त हुन सफल भएको साथै मलेसियाको सबैभन्दा बढी माग भएको कम्पनीले दाबी गरेको छ।




१.५ लिटर टर्बोचार्ज्ड थ्री–सिलिन्डर इन्जिन रहेको यो गाडीको १.५ प्रिमियम, १.५ टी प्रिमियम र १.५ त्म्ष ँबिनकजष्ड संस्करणहरू नेपालमा सार्वजनिक गरिएको जगदम्बा मोटर्सले जनाएको छ।

# रोयल इनफिल्डमा त्रिवेणी समूहको प्रवेश, एमभी दुगडले गुमायो डिलरसिप

काठमाडौं। रोयल इनफिल्डले एमभी दुगडलाई नेपालका लागि आफ्नो आधिकारिक विक्रेताबाट हटाएको छ। नेपाली युवाको प्रमुख रोजाइमा रहेको रोयल इनफिल्डलाई अब नेपालमा त्रिवेणी समूह अन्तर्गत अटोमोबिल डिभिजनको



'अल्फा अटोमोटिभ प्रालि'ले विक्री वितरण गर्ने भएको छ।

सम्भावना हुँदा हुँदै पनि अपेक्षित दरमा बजार विस्तार गर्न नसकेको एमभी दुगडको आधिकारिक विक्रेताको जिम्मेवारी खोसिएको चर्चा छ। यसअघि एमभी दुगडले निशान गाडीको आधिकारिक विक्रेताको जिम्मेवारी पनि गुमाएको थियो। विश्वकै पुरानो मोटरसाइकल कम्पनी रोयल इनफिल्ड धेरै युवाको आकर्षको केन्द्रमा भएपनि यसको बजारीकरण बलियो बन्न सकेको थिएन। यसकै कारण कम्पनीले त्रिवेणी समूहलाई नेपालमा नयाँ आधिकारिक विक्रेता तोकेको हो।

त्रिवेणी समूहले नेपालमा उत्पादन, कृषि, ट्रेडिङ, बैंकिङ, इन्स्योरेन्स, उर्जा, रिटेल, मनोरन्जन, पर्यटन लगायतका क्षेत्रमा लगानी गर्दै आएको छ। 'अल्फा अटोमोटिभ प्रालिले रोयल इनफिल्डको दुई पांग्रे सवारी साधनबाट नेपाल भरी आफ्नो बजार विस्तार एवम् सफल व्यवस्थापन गर्ने रणनीतिक लक्ष्य लिएको छ,' कम्पनीले एक विज्ञप्ति जारी गर्दै भनेको छ। रोयल इनफिल्ड मोटरसाइकल नेपाली युवा पुस्तामाझ अधिक लोकप्रिय छ। अल्फा अटोमोटिभ प्रालिले नेपाली बजारमा रोयल इनफिल्डका क्लासिक ३५०, इलेक्ट्रा, सिग्नल्स, मेटीयुर, हिमालयन, कन्टिनेन्टल जिटी र इन्टरसेप्टर लगायतका मोडलहरु बिक्री वितरण गर्ने जानकारी दिएको छ। नयाँ विक्रेताको नियुक्तिसँगै यो ब्रान्डले आक्रमण बजारीकरण र ब्रान्डिङ गर्ने अपेक्षा गरिएको छ।

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावीपार्किङ्ग नगरौं।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस